“गुणस्तरिय आर्थिक, भौतिक सामाजिक पूर्वाधार विकासको माध्यमद्धारा समृद्ध रिब्दीकोट”

# रिब्दीकोट दर्पण

बर्ष १ पूर्णाङ्क १ अर्धबार्षिक बुलेटिन











## रिब्दीकोट गाउँपालिका
खस्यौली, पाल्पा

# रिब्दीकोट गाउँपालिका

## गाउँ कार्यपालिकाका पदाधिकारीहरू

खस्यौली, पाल्पा

५ नं. प्रदेश, नेपाल



**नारायण बहादुर जि.सी.**
अध्यक्ष
मो.: ९८४७०२८०२१



**लक्ष्मी खनाल**
उपाध्यक्ष
मो.: ९८५७०६५६२६



**बिष्णु खनाल**
प्रवक्ता तथा अध्यक्ष वडा नं. ३
मो.: ९८४७०९९५८८



**अनिल पौडेल**
सदस्य सचिव
मो.: ९८५१२४२२७६



**बिष्णु प्र. गैरे**
अध्यक्ष वडा नं. १
मो.: ९८५७०२६८२१



**रामचन्द्र नेपाल**
अध्यक्ष वडा नं. २
मो.: ९८४७३९९६८८



**दुर्गा खनाल**
अध्यक्ष वडा नं. ४
मो.: ९८४७१७५५००



**कृष्ण थापा**
अध्यक्ष वडा नं. ५
मो.: ९८४७११४६५४



**तुल बहादुर जि .सी.**
अध्यक्ष वडा नं. ६
मो.: ९८४७१३९४९०



**निल ब. रास्कोटी**
अध्यक्ष वडा नं. ७
मो.: ९८४६९२८१३४



**नारायण लाम्टाङ्गे**
अध्यक्ष वडा नं. ८
मो.: ९८५७०६८८३२



**सीता आचार्य**
कार्यपालिका सदस्य
मो.: ९८४७११८५७३



**कमल बहादुर सुनार**
कार्यपालिका सदस्य
मो.: ९८४७१७३०५६



**तारा ढकाल**
कार्यपालिका सदस्य
मो.: ९८४७१६८००५



**दान बहादुर कामी**
कार्यपालिका सदस्य
मो.: ९८४७१३८६७७



**लिला आर्चाय**
कार्यपालिका सदस्य
मो.: ९८४७११३४४४

**रिब्दीकोट दर्पण**
बर्ष १ पूर्णाङ्क १ अर्धबार्षिक बुलेटिन


**प्रकाशक**
रिब्दीकोट गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा

**संरक्षक**
नारायण बहादुर जि.सी
(अध्यक्ष)

**सल्लाहाकार**
लक्ष्मी खनाल
(उपाध्यक्ष)
बिष्णु खनाल
(प्रवक्ता)

**प्रधान सम्पादक**
अनिल पौडेल
(प्रमुख प्रशासयिक अधिकृत)

**सम्पादन सहयोग**
विष्णु प्रसाद बेलबासे
(शिक्षा अधिकृत)
शिव जि.सी.
(अध्यक्षको निजि सल्लाहकार)

**व्यवस्थापन सहयोग**
किरण कौशल - पत्रकार
(संयोजक)
भरत शर्मा - पत्रकार
सदस्य
मिलन विश्वकर्मा - पत्रकार
सदस्य



**सम्पर्क ठेगाना**
रिब्दीकोट दर्पण,
रिब्दीकोट गाउँ कार्यपालिकाको कार्यालय,
खस्यौली, पाल्पा
फोन नं. ०७५-६२००५५, ६९२३०७
Email : info@ribdikotmun.gov.np
Website : www.ribdikotmun.gov.np


# सामाजिक न्यायमा आधारित र सन्तुलित विकास नै हाम्रो लक्ष्य हो



**पेज ५**


| | | |
|---|---|---|
| १. | सम्पादकको कलमबाट | २ |
| २. | अध्यक्षको भनाई | ३ |
| ३. | वर्षौदेखिका विवादित घटना समेत मेलमिलापबाट टुङ्गिएको छ | ४ |
| ४. | वडा नं. ३ खस्यौलीको गतिविधि | ८ |
| ५. | वडा नं. १ ख्याहाको विकास प्रयास | ९ |
| ६. | वडा नं. २ को विकास र आगामी योजनाहरु | १० |
| ७. | भैरवस्थान र वडा नं. ४ का क्रियाकलाप | १२ |
| ८. | वडा नं. ५ कुसुमखोलाको गतिविधी | १३ |
| ९. | वडा नं. ६ टिमुर र मह उत्पादनमा अगाडि | १५ |
| १०. | वडा नं. ७ को योजना र प्राथमिकता | १७ |
| ११. | वडा नं. ८ को विकास र आगामी योजना | १९ |
| १२. | रिब्दीकोटको बसाईको अनुभव र अनुभुति | २० |
| १३. | रिब्दीकोट गाउँपालिकाको शैक्षिक अवस्था | २२ |
| १४. | रिब्दीकोट क्षेत्रमा आयुर्वेदको सम्भावना र अवसर | २४ |
| १५. | गाउँपालिकामा निजी आवास पुनर्निर्माणका तथ्यहरु | २६ |
| १६. | गाउँपालिकाको लक्ष्य प्रविधिमैत्री सेवा प्रवाह | २७ |
| १७. | कृषि तथा पशु विकासका क्षेत्रमा गाउँपालिकाको प्रयास | २८ |
| १८. | महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गताका क्षेत्रमा भएका... | २९ |
| १९. | स्वास्थ्य सेवा सुधारमा अग्रसर | ३० |
| २०. | गाउँसभाबाट पारित कानूनहरुः- | ३१ |
| २१. | गाउँपालिकाबाट पारित नियमावली र कार्यविधीहरुः | ३१ |
| २२. | आ.व. २०७५।०७६ वर्षका मुख्य मुख्य नीति तथा कार्यक्रमहरु | ३२ |
| २३. | आ.व. २०७४।०७५ मा सम्पादन गरिएका प्रमुख कार्यहरु | ३४ |
| २४. | वडाहरुबाट सम्पादित मुख्य मुख्य कार्यहरुको उपलब्धिहरु | ३५ |
| २५. | आ.व. २०७५।०७६ पौष १७ गते सम्म भएको प्रगति | ३६ |
| २६. | वडागत जनप्रतिनिधीहरुको विवरण | ३७ |
| २७. | कर्मचारी विवरण | ३८ |
| २८. | पत्र पत्रिकामा रिब्दीकोट | ३९ |
| २९. | नागरिक वडापत्र | ४०-५२ |

# सम्पादकको कलमबाट

शैशव अवस्थामा रहेको गाउँपालिकाले आफुलाई नीतिगत, कार्यक्रममा, विधिमा, संरचनामा परिस्कृत र परिमार्जित गर्दै संयमित रुपमा पाइला उठाउने प्रयत्न गर्दैछ। थिति र विधि बसाउने कुरा र सामाजिक आर्थिक परिवर्तन गर्ने कुरा जटिल तर अपरिहार्य छ। यि कार्यहरु भौतिक निर्माण कार्यको तुलनामा कयौ गुणा जटिल तर अपरिहार्य रहेछन्। विगत दुई बर्षको अनुभवले यही बोल्दछ।

तथापी यो वा त्यो रुपमा राज्यको उपस्थिती गाउँ तहमा रहेको हुदा कामको सुरुवात गर्न प्रदेश सरकारलाई भन्दा निकै सहज रह्यो। गाउँपालिकालाई दिगो, प्रभावकारी, समन्वय र सहकारीतामा आधारित सरकारका रुपमा बिकास गर्ने र समग्र सेवाप्रवाह एउटै थलोबाट प्रवाह गर्ने मनसायका साथमा निर्मित स्थानिय सरकारले आन्तरिक आम्दानी बृद्धि गरि प्रतिस्प्रर्धामा खरो, सेवा प्रवाहमा अव्वल, विकासको मानकको रुपमा आफुलाई स्थापित गराउने शिरोपर र आत्मसाथ गरेकै छौ।

नेतृत्व बिकासको जगको रुपमा रहेको स्थानिय तहमा निर्वाचित जनप्रतिनिधिहरुको उपस्थितिले स्थानिय तहलाई सक्षम, बिकासको मानक, सेवा प्रवाहको उत्कृष्टताद्वारा सरकारको मुखरीत गर्न स्थायी सरकारको रुपमा रहेको कर्मचारी र जनप्रतिनिधि बिच सौहाद्रता, हार्दिकता, पारस्पारिकताका साथ कार्य गर्ने विधि बसाउने प्रयत्न रहने नै छ।

चुनावी प्रतिस्प्रधालाई बिर्सिई सबैलाई साथमा लिई गुणस्तरिय, आर्थिक, सामाजिक,भौतिक पूर्वाधारको माध्यमद्वारा समृद्ध रिब्दीकोट बनाउने उद्धेश्यलाई सबै पक्ष वर्ग क्षेत्रको साथ सहयोग लिई अपनत्व रहने अवस्था सृजना गर्ने अवसर र चुनौति मननयोग्य छ नै। कमजोर र पछाडी परेको वर्गको उत्थानद्वारा मूलप्रवाहिकरण गर्ने कार्य चुनौतिपूर्ण भएता पनि अपरिहार्य महशुस भएको छ, त्यसैले बालविबाह न्युनिकरण, एकल महिलाको उद्यमशिलताको माध्यमद्वारा बजार संग जोडने, पिछडिएको बर्गका बालबालिका पढने विद्यालयमा दिवा खाजा, विपन्न वर्गका लागि सेतो घर अभियान, आरन सुधारका लागी अनुदान प्रदान गरी व्यावसायिकता र व्यापक सहभागितामा कानुन निर्माणको प्रणालीलाई बैज्ञानिकता र सहभागितामुलक बनाउने हरेक कामकारवाहीलाई रचनात्मक सहभागीमुलक बनाउन प्रयत्न र प्रयास भएको छ।

शिक्षा, स्वास्थ्य क्षेत्रको गुणस्तरियताको लागी ठोस पहलकदमीको सुरुवात भैसकेको छ भने कृषि, पशुपालनमा व्यावसायिकताका लागी उत्पादनमा आधारित अनुदान उपलब्ध गराउन कार्यविधिको खाका बनाउने, कोसेलीघर सञ्चालन गर्न बजारीकरणका लागी सस्थागत पहल सुरु भैसकेको छ। साथै पर्यटकिय, धार्मिकस्थलहरुको सौन्दर्यकरणका साथै बजारीकरणका लागी प्रयत्न जारी छ। पालिकालाई प्रविधि मैत्री बनाउने कार्यलाई आकार दिने प्रयत्न गरिएको छ। यि सवै कार्यको प्रतिफल तत्काल तथा दिर्घकालमा हुने कुरामा आशावादी रहन सवै गाउँ बासीलाई विश्वास दिलाउन चाहान्छौं।

- जय रिब्दीकोट



# अध्यक्षको भनाई

**नारायण बहादुर जि.सी**
अध्यक्ष
रिब्दीकोट गाउँपालिका, पाल्पा

स्थानीय तहको पुनसंरचना भएपछि रिब्दीकोट गाउँपालिकाले जनताबाट अनुमोदित प्रथम जनप्रतिनिधिहरु पाएको छ। नेपालको संविधान अनुसार केन्द्रमा संघीय सरकार, प्रदेश स्तरमा प्रदेश सरकार र स्थानिय तहमा स्थानिय सरकार गठन भएका छन् । स्थानीय सरकार राष्ट्र निर्माणको जग हो । स्थानीय सरकारको रुपमा रहेको रिब्दीकोट गाउँपालिकाबाट के कस्ता काम गरेका छौ ? जनताले कस्तो महसुस गरेका छन् ? पछाडी परेका वर्ग र समुदायका अपेक्षा पुरा भए कि भएनन् ? यस्ता बिषयमा विशेष ध्यान केन्द्रित गर्नुपर्ने जनप्रतिनिधिहरुको दायित्व हो । जनप्रतिनिधिहरुसंग जनताले लागेको कुरा ढुक्कसँग ब्यक्त गर्ने र विकास निर्माणमा आफुलाई सहभागी गराउने वातावरण सृजना गर्न सकेमा विकासले गति लिन सक्दछ। गाउँपालिका भित्र हुने हरेक गतिविधिमा जनप्रतिनिधिहरु जनतासंगै हुनुपर्दछ। सामाजिक रुपमा न्याय पाउन नसकेका, आर्थिक हैसियतले कमजोर भएका वर्ग एंव महिला, जेष्ठ नागरिक र अल्पसंख्यक समुदाय प्रति जनप्रतिनिधिको पहिलो दृष्टि पुग्नुपर्दछ।

पूर्वाधार विकास कामलाई धेरै स्थानीय सरकारले उच्च प्राथमिकता दिएका छन्। तर मानवीय श्रोत विकासमा विशेष ध्यान दिन सक्नुपर्दछ। शिक्षा, स्वास्थ्य, कृषि, यातायात जस्ता विकास योजनालाई जन समुदायसंग जोड्ने र उनिहरुको पहिलो आवश्यकता ध्यान दिएर ब्यवस्थित गदै अगाडी बढाउनु पर्दछ। मानविय र भौतिक विकासलाई सन्तुलित बनाउनु आजको आवश्यकता हो ।

गाउँपालिकाले निर्माण गरेको नीति नियमहरु प्रभावकारी हुनुपर्दछ त्यसमा जनप्रतिनिधिहरुको ठुलो भुमिका रहन्छ। जनताको चाहाना र अपेक्षा अनुसारको कानून निर्माण गर्दा संम्बन्धित पक्षको सहभागीता अनिवार्य छ त्यसको प्रयास रिब्दीकोट गाउँपालिकाले गरेको छ। जनचाहाना, समाज र राष्ट्रको आवश्यकतालाई मध्यनजर गदै स्थानीय सरकार अगाडी बढ्न जरुरी छ त्यसै अनुसार बजेट तथा कार्यक्रम लक्षित गरिएको छ। अनुशासित र सभ्य नागरिक निर्माण गदै राष्ट्रलाई सम्मुन्नत बनाउने तर्फ हाम्रा कार्यक्रम लक्षित गरेर समाजमा रहेका विसंगती र विकृति हटाउने प्रयासमा गाउँपालिका रहेको छ।

ब्यक्ति, घर परिवार, टोल बस्ती हुदै समग्र गाउँपालिकालाई नै असल, सभ्य आत्मानिर्भर बनाउने, वातावरण मैत्री बनाउने गतिमा कार्यक्रम अगाडी बढाउने उपायहरुको खोजि भइरहेका छन् । सभ्य समाज निर्माणको लागी जनप्रतिनिधिसंगै सबैको योगदान हुनै पर्दछ साथै जनप्रतिनिधिहरुले गर्ने क्रियाकलाप पारदर्शि हुनु जरुरी छ । श्रममा विश्वास गर्ने हरेकले आयआर्जन गर्न रोजगारीका अवसरको सिर्जना गर्ने वातावरण बनाउन जरुरी छ। विदेश जाने भन्दा घरमै श्रम गर्ने वातावरण सिर्जना गर्न सके हाम्रो समाजलाई धेरै माथी उठाउन सकिन्छ।

अबका दिनमा यस्ता बिषयमा विशेष ध्यान दिएर योजनाहरु निर्माण हुनेछन्। कृषि, पशुपालन र आय-आर्जनमा प्रशस्त संभावना छ। त्यसलाई माटो र हावापानी सुहाउँदो योजना र बजेट निर्माण गर्न सकेमा विदेशमा गएर दुःख काट्नु भन्दा स्वदेशमै रमाउन सकिने छ। यस्ता विषयमा गाउँपालिकाले मात्र गरेर वा योजना बनाएर पुग्दैन, हरेक नागरिक चनाखो र सचेत हुनुपर्दछ । जनप्रतिनिधिको जिवन शैली सरल र ब्यवहारिक हुनु जरुरी छ। जनप्रतिनिधिका हरेक पाईलामा जनताको साथ हुनुपर्दछ। जनताको हरेक कामसंगै सुख दुःखमा हाम्रो सहभागीता हुनु जरुरी छ, त्यसतर्फ सबैले ध्यान केन्द्रित गरौं । सोका लागि गाउँपालिका प्रयत्नरत छ।

# वर्षौंदेखिका विवादित घटना समेत मेलमिलापबाट टुङ्गिएको छ



**लक्ष्मी खनाल**
उपाध्यक्ष एंव न्यायीक समिति संयोजक
रिब्दीकोट गाउँपालिका, पाल्पा

नेपालको संविधान अनुसार स्थानीय सरकारले आफ्नो लागि आफै कानुन वनाउने, कार्यान्वयन गर्ने अधिकार प्रदान गरेको छ। संघ, प्रदेश र स्थानीय तहहरु बिच सहकारिता, सहअस्तित्व र समन्वय गदै ऐनले तोके बमोजिमका कार्यहरु सम्पादन गर्ने अधिकार तिनै तहमा रहेको छ। संविधानले सुलभ, गुणस्तरीय, छिटो, छरितो समानुपातिक, न्यायोचित र दिगो विकासको उद्देश्य लिएको छ। नेपालको संविधान २०७२ को धारा २१७ र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४६ मा स्थानीय सरकारले न्यायिक समितिको अधिकार क्षेत्र भित्र रहि न्यायिक विवादको निरुपण गर्ने र मेलमिलापको माध्यमबाट विवादको समाधान गर्ने व्यवस्था गरेको छ।

कानुनको शासन र न्यायप्रतिको जनविश्वास कायम राख्न स्थानीय तहमा हुने विभिन्न भेदभाव, लैङ्गिक हिंसा, घरेलु हिंसा लगायतका विवादहरु समाधान खोज्न स्थानीय तहहरुमा उपाध्यक्ष तथा उपप्रमुखको संयोजकत्वमा ३ सदस्यीय न्यायिक समितिको गठन भएका छन् । अन्याय र उत्पीडनमा परेका जनताहरुलाई जनचेतनाको माध्यमबाट आफ्ना समस्या स्थानीय सरकारसंग राखी न्याय पाउने र हिंसाबाट बच्न सक्षम नागरिकका बनाउने परिकल्पना गरिएको छ। लोकतान्त्रिक शासन प्रणालीलाई स्थानीय तह देखि नै सुदृढ बनाउने परिकल्पना रिब्दीकोट गाउँपालिकाले पनि लिएको छ। जनताको जनसहभागिता, पारदर्शिता उत्तरदायित्व सुनिश्चितता विकास निर्माणमा मात्रै होइन न्याय सम्पादनमा समेत लागु गर्ने प्रयास रहेको छ।

रिब्दीकोट गाउँपालिका भित्रका जनताहरुले आपसी विवाद, हिंसा, उत्पीडन लगायतका न्यायीक समितिका अधिकार भित्र रहेका विवादहरु समाधान र निरुपणलाई पहिलो प्राथमकितामा राखेको छ। विगत ८ वर्ष देखि आपसी विवाद भएको घटना समेत मेलमिलापबाट किनार टुङ्गो लगाएर पक्ष, विपक्ष दुबै खुशी र जीत अनुभुति गर्ने गरी न्याय सम्पादन भएको छ। न्यायीक समितिको काम प्रभावकारी बनाउन सचेतना मुलक र क्षमता विकासका गतिविधिहरुसंगै संचालन गरिएको छ । गाउँपालिकामा गतिविधिहरुले लैङ्गिक र घरेलु हिंसामा कमि आएका छन् भने हिंसालाई लुकाएर नराखी न्यायीक समिति समक्ष आउने दर समेत बढेको छ। गाउँपालिमा न्याय लिनका लागी नेतृत्व लिने संख्या बढेको छ भने समाजमा अप्रिय घटनाहरु पनि घटेका छैनन् ।

आ.व.२०७५/०७६ मा पौष १० गतेसम्म न्यायिक समितिमा १० वटा विवादका उजुरीहरु दर्ता भएका छन्। ७ वटाको विवादका उजुरीहरु किनारा लागेको छ भने ३ वटा विवादका उजुरीहरु प्रकियाका चरणमा रहेका छन्।

**दर्ता भएका उजुरीहरु**

| सि.न. | समधान गरिएका विवादहरु | संख्या |
|---|---|---|
| १ | सामान्य कुटपिटहरु | ३ वटा |
| २ | श्रीमान श्रीमती वीच सम्बन्ध विवाद | ३ वटा |
| ३ | जग्गा तथा साँध विवाद | २ वटा |
| ४ | परिवारीक झगडा तथा लेनदेन | २ वटा |
| ५ | जग्गा विवाद र श्रीमान श्रीमतीको झगडा विवादको प्रकृयामा रहेको | ३ वटा |

**आर्थिक बर्ष २०७४/२०७५ समाधान भएका उजुरीहरु**

| सि.न. | समाधान गरिएका विवादहरु | संख्या |
|---|---|---|
| १ | साँध सिमाना सम्बन्धी विवाद | २ वटा |
| २ | पति पत्नी वीच सम्बन्ध विवाद | ५ वटा |
| ३ | पारीवारिक भै झगडा | ३ वटा |
| ४ | आर्थीक लेनदेन/अर्काको जग्गा भोगचलन गरेको | २ वटा |
| ५ | गाली बेईज्जती तथा डर धम्की सम्बन्धी | २ वटा |
| | जम्मा | १४ वटा |

प्रचलित कानून तथा सर्वमान्य सिद्धान्तहरुको अवलम्बन तथा स्थानिय आवश्यकता चाहनालाई मध्यनगर गर्दै मध्यमार्गी उपायको अवलम्बन गरी सौहाद्रता कायम गर्ने कार्यमा न्याय समिति सक्रिय रुपमा लागेको छ।

# सामाजिक न्यायमा आधारित र सन्तुलित विकास नै हाम्रो लक्ष्य हो



*जिल्लाको दशवटा स्थानीय तहमध्ये रिब्दीकोट गाउँपालिका एक हो । १२४.५५ वर्गकिलोमिटरमा फैलिएको यस गाउँपालिकामा २०६८ को जनगणना अनुसार १८ हजार सात सय ७० जनसंख्या रहेको छ । कुल भूगोल मध्ये ५२ प्रतिशत वन क्षेत्र रहेको यहाँ कृषि, पशुपालनको प्रचुर संभावना रहेको छ । पर्यटकिय संभावना समेत बोकेको यहाँ महत्वपूर्ण धार्मिक स्थल समेत रहेका छन् । विकासको लागि कस्ता खालका प्रयास भइरहेका छन् त ? गाउँपालिका अध्यक्ष नारायणबहादुर जिसीसँग रिब्दीकोट दर्पणका लागी पत्रकार मिलन विश्वकर्माले गरेको कुराकानी :*

**गाउँपालिकाको अध्यक्षमा पदमा रहेर गाउँको विकासलाई कसरी हेर्नुभएको छ ?**

पाल्पा जिल्लाको पश्चिम क्षेत्रमा रिब्दीकोट गाउँपालिका सदरमुकामबाट जोडिएको गाउँपालिका भएपनि कतिपय बस्ती भने विकट नै छन् । साविकको आठवटा गाविस मिलाएर रिब्दीकोट गाउँपालिका बनेको छ । सामान्यतया सुविधायुक्त जस्तो देखिएपनि कतिपय वडाहरु अलि पछाडी परेका छन् । न्यूनतम पूर्वाधारका रुपमा पानी, बत्ति, यातायात लगायतका सुविधा समेत पुग्न नसकेको अवस्था छ । त्यसलाई व्यवस्थीत गर्ने क्रममा छौं । रिब्दीकोट गाउँपालिकामा हामी निर्वाचित हुनुभन्दा अगाडि जुन खालको वातावरण र अन्यौंलता थियो अहिले त्यो अन्यौललाई चिर्नको निम्ति योजनाबद्ध र व्यवस्थीत काम गर्ने र जनताको राय अनुसारनै काम गर्ने प्रतिवद्धता अनुरुप हाम्रा कार्यक्रमहरु अगाडी बढाइएको छ।

**रिब्दीकोट गाउँपालिकाको प्रमुख समस्या के हुन् ?**

रिब्दीकोट गाउँपालिकाको खास समस्या वडा नम्बर आठको फेक, पेलाचौर, डाइनडाँडा क्षेत्र, लुम्बास, छ नम्बरको रितुङ, वडा नम्बर एकको जोगिथुम पहिलो न्यूनतम पूर्वाधारहरुको कमी थियो। यातायात र विद्युतको अभावले त्यहाँका नागरिक निकै समस्यामा थिए । हामी यि समस्यालाई नै पहिलो प्राथमिकता दिएर अगाडि बढेका छौं । अशिक्षा, जनचेतनाको कमी भएका जनजाती र दलित समुदायको बाक्लो बस्ती रहेको हुनाले चेतना दिनुनै प्रमुख दायित्व ठानेको छौं । विना चेतना र मानवीय क्षमताको विकास विना अन्य विकास सम्भव छैन भन्ने लागेर सोही अनुसारका नीति र कार्यक्रमहरु निर्माण गरेर अगाडी बढ्ने प्रयत्न गरेका छौं ।

**हाल उल्लेखित समस्या समाधान भएका छन् त ?**

विकासको लक्ष्यमा छिटो पुग्न सकिदैन् किनभने हामी अहिले विकासका पूर्वाधारको न्यूनमत अवस्थामा छौं । विकासको गतिलाई अगाडी बढाउने क्रममा हामीले आधारभूत कुराहरु जस्तै यातायात, शिक्षा, स्वास्थ्य, खानेपानी र कृषि लगायतका क्षेत्रको गुणस्तरीय विकास गर्न खोजेका छौं । जनताको जिवन स्तरमा सुधार ल्याउन आयआर्जन बृद्धि, स्वरोजगार सिर्जना र उद्यमशिलता बढाउने कार्यमा विस्तारै ठोस कार्यक्रम लागु गर्न खोजिएको छ । जस्तै फेकको पेलाचौर, डाईनडाँडामा ५५ किलोमिटर घुमेर जानुपर्ने जुन बाध्यता थियो अझै भनौकी दुइवटा गाउँपालिका घुमेर पुग्नुपर्ने बाध्यता थियो अहिले फेकको केन्द्रबाट सिधै जाने सडक निर्माण भएको छ । जोगिथुम जस्तो कुमाल वस्तीसम्म सडकको सुविधा पुऱ्याउन सक्यौ । शिक्षाको क्षेत्रमा जोगिथुमको कालिका आधारभूत विद्यालय जहाँ ९९ सय प्रतिशत कुमाल समुदायका वालवालिकाले पढ्ने गर्छन त्यहाँ दिवा खाजाको व्यवस्था गरेका छौं। अहिले विद्यार्थीको संख्या समेत बढेको छ । त्यो भर्ना अभियानको नमुना हो ।

**तपाइले चुनाव अगाडि गरेको प्रतिवद्धता अनुसार ठ्याक्कै देखिने गरी अन्य काम के गर्नुभयो ?**

मानिसहरुले धेरैजसो विकासको रुपमा पूर्वधारलाई मात्र देख्ने गर्छन् । विकासलाई घर आँगनमा वत्ति बोलेको मात्र बुझ्छन् । कृषिमा आकर्षण कम छ, गाउँमा बस्ने युवाको संख्या कम छ, किनभने यहाँ बसेर केहि हुँदैन् जे हुन्छ देश बाहिर गएर मात्रै हुन्छ भन्ने बुझाइ युवामा भएको हुनाले हामीले कसरी युवालाई गाउँमा राख्न सकिन्छ भनेर आयआर्जन, स्वरोजगार र व्यावसायीकता बृद्धिका लागी कृषिको व्यावासायीकरण र आधुनिकरण गर्न खोजेका छौं । गाउँपालिकाले अनुदानमा ट्याक्टर वितरण गर्ने, प्लाष्टिक पोखरी वितरण गर्ने, फलफुल खेतीमा प्रोत्साहन गर्ने, उत्पादनलाई बजार सम्म जोड्ने कामको सुरुवात गरेका छौं । पछिल्लो समयमा युवा स्वदेश फर्किएर गाइपालन, कुखुरा पालन गर्न थालेका छन् । स्थानीय स्तरमा कुटिर उद्योग प्रवर्द्धन गर्न गाउँपालिकाले प्रोत्साहित गर्ने जस्ता गतिविधिमा सहयोग गरेर युवालाई गाउँमै व्यवसायी बनाउने लक्ष्यका साथ कार्यक्रम चलिरहेका छन् ।

गत आर्थिक वर्षमा ८५ हजार पर्ने हाते ट्याक्टरलाई ६० हजारमा खरिद गरेर ५० प्रतिशत अनुदानमा दिइसकेका छौ। चालु आर्थिक वर्षमा पनि थप २५ थान हाते ट्याक्टर खरिद प्रक्रियामा र २५ थान कुटानी पिसानी मिल अनुदानमा वितरण भएका छन् । पछिल्लो समयमा हामीले उत्पादनमा आधारित अनुदान दिने प्रयोजनका लागी कार्यविधि बनाएका छौं ।

**कृषिलाई पहिलो प्राथमिकता भन्नुभएको छ, यहाँ कुन खेती वा व्यवसायलाई पकेट क्षेत्रको रुपमा निर्धारण गर्नुभएको छ?**

पालुङ्गमैनादी र कुसुमखोला क्षेत्रलाई सुन्तला, टमाटर, तरकारीको पकेट क्षेत्र र देउराली, खस्यौली र भैरवस्थानलाई दुध उत्पादनको पकेट क्षेत्रको रुपमा विकास गर्न सकिन्छ भन्ने लागेको छ। फेक, पालुङ र ठिमुरेमा बाख्रा पालनको पकेट क्षेत्र बनाउन सकिन्छ भन्ने लागेर कार्यक्रम संचालन गरिरहेका छौं । केही वडामा जडिवुटी क्षेत्रको रुपमा पहिचान गरेर जडिबुटी उद्यान निर्माण, कुरिलो खेती विस्तार, जडिबुटी जन्य बनस्पतीका विरुवा वितरण, पोषणयुक्त खेतीमा प्रोत्साहन गर्ने कार्यक्रमहरु राखेका छौं ।

**एकल महिला लक्षित कार्यक्रम चर्चामा आएको छ नि, कस्तो कार्यक्रम हो ?**

समुदायमा एकल महिलालाई हेर्न फरक दृष्टिकोण छ । उनीहरुको फरक खालको पिडा छ । एकल महिला गाउँपालिकामा ८ सय ५२ जना रहेका छन् । उनिहरु समाजमा सम्मानित जीवन जीउन चाहन्छन् तर सकिरहेका छैनन् । हाल गाउँपालिकाले सबै सक्रिय बनाउने, एकिकृत गर्ने र सबै वडामा एक-एक वटा एकल महिला समिति र गाउँपालिकास्तरमा एकल महिला सञ्जाल निर्माण गरिसकेका छन् आफुलाई समाजमा स्थापित गर्ने, स्वरोजगार बनाउन र नेतृत्वदायी भूमिका निर्वाह गर्नको लागी समितिलाई सक्रिय बनाइएको छ । उनिहरुको उद्यमी बनाउन कपासबाट बत्ती बनाउने, कुरीलो खेती गर्ने, बाटेको धुप बनाउने, पूजा सामग्री उत्पादन गर्ने, परालको चप्पल बनाउने लगायतका तालिम दिएका छौं। यस्तौ झिनियाँ बनाउने, गुडिया बनाउने, ढाकाका सामाग्री उत्पादन गर्ने तालिमको पनि सुरुवात गरेका छौं । सीपमा दक्ष भएपछि उनीहरु अझै सक्षम भएर अगाडि बढ्नेछन् भन्ने हाम्रो उद्देश्य हो साथै आवश्यकता र औचित्यका आधारमा गाउँपालिकाले कार्यविधि बनाएर पुँजी परिचालन गरी आयआर्जन तर्फ लैजाने कार्य भएका छन् ।

**चालु आर्थिक वर्षाको वजेट कति छ ? कुन क्षेत्रलाई प्राथमिकता दिनुभएको छ ?**

कुल बजेट ३५ करोड ९६ लाख हाराहारीमा छ, जसमध्ये झण्डै १४ करोड बजेट विकास निर्माणमा विनियोजन गरेका छौं । तर प्राथमिकता पूर्वाधार र कृषिलाई दिएका छौं । व्यवसायीक संभावना बोकेको तर निर्वाहमूखी गर्दै आएका कृषि क्षेत्रलाई आधुनिक ढंगले विस्तार गरी व्यवसायीक बनाउनेगरी योजना तय गरेका छौं र क्रमसः वजेटको पनि व्यवस्था गर्दै जाने योजना बनाएका छौं । उत्पादन कम गर्ने र निरास भएर विदेश जाने परम्पराको

अन्त्य गर्नको लागि उत्पादनमा आधारित अनुदान दिने हाम्रो खास योजना छ। वडा कार्यालय सम्म स्तरीय सडक र टोल तथा बस्ती सम्म १२ महिना चल्ने सडकका रुपमा विकास गर्ने प्रयत्न गरिएको छ। परम्परागत आरन पेशालाई आधुनिकीकरण गर्न अनुदानको व्यावस्था गरिएको छ। एक घर एक धाराको नीतिलाई कार्यरुप दिने, काठका पोल रहित गाउँपालिका बनाउने, प्रविधिमैत्री गाउँपालिका बनाउने योजना छन्। सेवा प्रवाहको सरलिकरण गर्ने, शिक्षाको गुणस्तर सुधार गर्ने कार्यमा लागि परेका छौं। **धार्मिक गन्तव्यको रुपमा रहेको भैरवस्थान मन्दिरको विकासमा के प्रयास भइरहेको छ ?**

तपाइले भने जस्तै यहाँ वार्षिक २ लाखभन्दा वढी भक्तजनहरु यहाँआउने गरेका छन्। यस्तै वार्षिक रुपमा करीव ७० लाख आम्दानी भैरव मन्दिरले गर्ने गरेको छ। प्रथमतः यसलाई व्यवस्थीत गर्नुनै महत्वपूर्ण काम हो। मन्दिरको थप विकास गर्नको लागि गुरुयोजना निर्माण गर्न भनेर प्रदेश सरकारबाट २० लाख रुपयाँ विनियोजन भएको छ। काम पनि अगाडि बढिसकेको छ। गाउँपालिकाको तर्फबाट कोसेली घर, पार्किङ्ग स्थल, सौर्यबत्ती जडान, धर्मशाला निर्माणका लागी बजेट विनियोजन गरेका छौं। **पाल्पाका अन्य जनप्रतिनिधि भन्दा अलि फरक, सरल, मितव्ययिता र पारदर्शी स्वभावको रुपमा तपाइलाई लिने गर्छन् ? तर कामहरु गर्दा कस्ता चुनौती देख्नुहुन्छ ?**

कार्यालय भित्र जनप्रतिनिधी र कर्मचारीबीच राम्रो सम्बन्ध छ। कर्मचारीसंग काम गर्न सजिलो छ। त्यसैले कार्यालयभित्र खासै चुनौती छैन्। जे काम थालेका छौ त्यो सफल भएको छ। मैले सामान्य चुनौतीको रुपमा लिएको विकासका लागि स्रोतको अभाव हो। यद्यपि प्राप्त भएको स्रोत साधनको चूहावटलाई रोकेर काम गर्न सकेपनि प्रयाप्त हुनेछ भन्ने लागेको छ। यी चुनौतीको सामना गर्ने शक्ति भनेको इमान्दारिता, मितव्ययिता र पारदर्शिता हो भन्ने लाग्छ। उपलब्ध स्रोत साधनको उचित र महत्तम प्रयोग गर्न सके सफल भएको मानिनेछ भन्ने ठहर छ।

# गाउँबासीमा अनुरोध

- पक्की घरहरुको गाउँपालिकामा अभिलेखीकरण गरौं।
- कच्ची घर निर्माण गर्दा वडामा निवेदन दिएर मात्र निर्माण गरौं।
- खर्चको पारदर्शीता र प्रभावकारीतामा निगरानी गरौं।
- योजनाहरुको गुणस्तरीयतामा निगरानी गरौं।
- विद्यालय शिक्षाको गुणस्तरीयतामा निगरानी गरौं।
- गाउँपालिकाबाट प्रवाहित सूचना सन्देशहरुको जानकारी राखौं।
- सेवा प्रवाह र विकास निर्माण कार्यमा निगरानी राखौं
- नागरिकको रुपमा आफ्नो दायित्वलाई कहिल्यै नर्विसौं।
- सार्वजनिक स्थानमा मद्यपान, धुम्रपान नगरौं र गर्न नदिऊ।

**- रिब्दीकोट गाउँपालिका, खस्यौली, पाल्पा**

# वडा नं. ३ खस्यौलीको गतिविधि



**विष्णु प्रसाद खनाल**
गा.पा. प्रवक्ता तथा
अध्यक्ष, वडा न. ३

पाल्पा जिल्ला सदरमुकाम तानसेन देखी पश्चिम तानसेन तम्घास मोटर बाटोमा भैरवस्थान हुदै १०.५ कि.मि. सिलङ्गीको रुखबाट साबिक खस्यौली गाबिस हालको रिब्दीकोट-३ सुरु भै हार्थोक बजार हुँदै उत्तर तर्फ लघुवा सम्म र पश्चिम हार्थोक छहरा मोटर बाटोको कफ्लेनी गैरा सम्म र दक्षिण तर्फ चकल्दी सम्म फैलिएको छ। वडाका सवै टोलमा मोटर बाटोको सुबिधा छ। वडाको ९०% भन्दा बढी घर आँगनमा मोटरसाइकल पुऱ्याउन सकिन्छ। सबै टोल र प्राय घरहरुमा खानेपानीको धारा रहेका छन्। ५ वटा लिफट प्रणाली, करिव १५ वटा ग्राभिटी फ्लोका खानेपानी आयोजना सञ्चालित छन्।

पर्यटकीय हिसावले ओझेलमा परेको भए पनि यो वडामा केही रमणीय स्थलहरु छन। ५०० बर्ष देखी पूजाआजा चलिरहेको सेन कालिन रिपको शिव गुफा, जहाँ स्वयं प्रकट भएको शिवलिङ्ग गुफा भित्र छ। यस स्थान पुग्न हार्थोक खौडेली चोक देखी माथिल्लो खस्यौली हुदै १.५ कि.मि.को दुरी रहेको छ। गुफा नजिकै गाडी जाने कच्चि बाटो र त्यो बाटोको अन्त्य पछि १०४ सिडी हिडेपछि गुफामा पुगिन्छ। यसै खौडेलीको बुद्ध मूर्ति गुफा जाने बाटोको नर्मदेश्वर महादेव मन्दिर, मालमूलको खेल मैदान, सतन्चुली पहाड, गाउँपालिका भवन हुदै पुरानो बुटवल जाने चकल्दी खोला ६० हाते छहरा, सिरुखर्क सेनकालिन टुडिंखेल कोत्रेडाँडा जस्ता मनोरम धार्मिक पर्यटकिय स्थलहरु रहेका छन्।

**शिक्षा तर्फ** : २ वटा मा.वि.(१०+२), एक प्रा.वि. र एक बि.एड.क्याम्पस रहेका छन्।

**स्वास्थ्य तर्फ** : एउटा भौतिक संरचना सहितको प्राथमिक स्वास्थ्य केन्द्र जहाँ तानसेन नगरपालिका देखी पश्चिम पाल्पाको स्वास्थ्य बिमाको सेवा यहि प्राथमिक स्वास्थ्य केन्द्रबाट सञ्चालित छ।

**गत बर्षका उल्लेखनीय कार्यहरु :**

- लक्षित कार्यक्रमबाट वडालाई खरको छाना मुक्त गरिएको छ।
- हार्थोक बजारमा रहेको पुस्तकालय र सभाहल सहितको नमुना सामुदायिक सिकाई केन्द्रबाट यस भेगका हजारौ बासिन्दालाई बिभिन्न सिपमुलक तालिम दिएको।
- हार्थोक बजारलाई व्यावस्थित बनाउने कार्य स्वरुप नाली निर्माण, फोहर फाल्ने व्यवस्थापन र सौर्य बत्ती जडान गर्ने कार्य गरियो।
- माथील्लो खस्यौलीमा रहेको पुरानो ऐतिहासिक रिपगुफा जाने मोटरबाटो तथा सिडी निर्माण कार्य भएको छ।

**यस वर्षका मुख्य मुख्य कार्यक्रमहरु :**

- वडाको लागि बिनियोजित ५८,००,०००।- का ४७ वटा योजना ५०% सम्पन्न भैसकेका छन् भने अन्य योजनाका कामहरु चलिरहेका छन्।
- चकल्दी हुदै डुम्रे निस्कने बाईपास बाटोको २ कि.मि जति बाँकी ट्र्याक खोली सञ्चालन गर्ने तयारी रहेको छ
- कोत्रेडाँडामा दृष्य अवलोकनका लागी टावर बनाउने परिकल्पना गरिएको छ।
- कुटिर उद्योगको प्रवर्द्धनमा जोड दिइने छ।
- वडा भित्र उपयुक्त स्थानमा एक आवासीय अनुसन्धान केन्द्र स्थापना गर्ने योजना रहेको छ

यस वडामा गाउँपालिकाको केन्द्र, पूर्वाधारका हिसाबले सुविधायुक्त र रणनितिक सडकसंग जोडिएको वडा भएकाले जनताको जिवनस्तर सुधार, स्वारोजगार सिर्जना, कृषिमा व्यावसायीकिरण गरी सुखि र समृद्ध खस्यौली बासी बनाउने उद्देश्य तर्फ हामी उद्धत छौ। यसका लागी सबैको साथ र सहयोग अपरिहार्य छ।

# वडा नं. १ ख्याहाको विकास प्रयास



**विष्णु प्रसाद गैरे**
अध्यक्ष, वडा नं १, ख्याहा

पाल्पा जिल्ला अवस्थित साविक ख्याहा गाविस हाल रिब्दीकोट गाउँपालिकाबाट ९ कि.मी उत्तर पश्चिममा ४ कोठे पक्की भवनमा हालको वडा कार्यालय रहेको छ। ३ हजार ३ सय ३९ जनसङ्ख्या रहेको यस वडामा पक्की सडक देखि प्रत्येक बस्तिमा मोटरबाटोले जोडिएको छ। २०७४ को स्थानीय तहको निर्वाचन पश्चात वडामा विकास निर्माणले गति लिएको पाईन्छ। शान्तिचौर-जोगिथुम मोटरबाटो, अमराई-माझटोल पाकिरी-करामदी मोटरबाटो, राधाकृष्ण-गैरेगाउँ-माझटोल मोटरबाटो, शिवधाम बस्ती मोटरबाटो, कालिका आधारभूत विद्यालयलाई दिवा खाजा कार्यक्रम, नेपानेडाँडा खानेपानी टंकी निर्माण, बगैचा-सानिडम्मक मोटरबाटो ५ मि. चौडा, खाल्टे खानेपानी सर्वे, १ सय ३ वटा फलामे बिजुली पोल परिवर्तन, विद्यालयलाई गुणस्तरलाई गुणस्तरीय शिक्षालय बनाउने, सामाजिक सुरक्षा भत्ता वस्ति वस्तिमा वितरण गर्ने लगायतका काम भएका छन्।

बरपोखरा-छत्रदेव-न्यालपानी-बरपोखरा-रिङरोड सडक निर्माण भएको छ। छत्रदेव गेटदेखि मन्दिर सम्म पर्खाल निर्माण, मन्दिरको भित्री परिसरमा सिडी निर्माण भई थप शोभामय भएको छ। पोखरीहरुको संरक्षण गर्दै बहुपोखरी निर्माण गर्ने योजना अनुरुप छत्रदेव परिसर र रैनादेवी मन्दिर परिसरमा ठूला २ पोखरी खन्ने काम सम्पन्न भएको छ। जसबाट स्थानीय जनता उत्साहित भएको पाएका छौं। वडा कार्यालय अगाडी शान्तिचौर बजारमा २ तथा राधाकृष्ण स्कूल बजारमा एक गरी जम्मा ३ वटा सोलर बत्ती बाल्ने काम भएको छ। वडाका २३ विपन्न परिवारलाई जस्तापाता वितरण गरी सेतो घर बनाउने अभियान चलाइएको छ। वडाका बस्तीहरुमा खानेपानीको पाइप परिवर्तन गरी नियमित खानेपानी पुऱ्याउन सफल भएको छ।

अगामी दिनमा वडाको विकास गर्ने मूख्य योजनाको रुपमा फेदियाखोला लिफटिङ खानेपानी कार्य पूरा गरि एक घर एक धाराको अवधारण पूरा गर्ने लक्ष्य राखिएको छ। ख्याहा-जोगिथुम-सातमुरे मोटरबाटो पूरा गर्ने, शान्तिचौर बजार क्षेत्रको मोटरबाटोलाई ढलाई गरी सुन्दर बजार निर्माण गर्ने, ख्याहा-अर्गली मोटरबाटो, ख्याहा कुसेनी रिडी बाटो पूरा गर्ने, सबै काठका बिजुलीका पोल विस्थापित गरी फलामका बिजुलीका पोल राख्ने लक्ष्य रहेको छ। मेगा प्रोजेक्टको रुपमा गाउँपालिका कार्यालय देखि वडा कार्यालय सम्मको मोटरबाटो पिच गर्ने लक्ष्य राखिएको छ। सबै बस्तीका सडकहरुलाई ग्राभेल गर्ने लक्ष्य राखिएको छ। वडा भित्रका सबै विद्यालयलाई नमुना विद्यालय बनाउने, स्वास्थ्य चौकीको भवन निर्माणलाई ५ रोपनी जग्गा उपलब्ध गराई सरकारी मापदण्ड बमोजिमको भवन निर्माण गर्ने, वडा कार्यालय वरिपरि पर्खाल बनाउने लक्ष्य राखिएको छ। ख्याहामा रहेका सबै सरकारी कार्यालयलाई ब्यवस्थित बनाउने योजना रहेको छ। छत्रदेव परिसर जहाँबाट ऋषिकेश, कालीगण्डकी नदी, पाल्पा, गुल्मी र स्याङजाको संगमस्थल नियाल्न सकिन्छ सो क्षेत्रलाई थप ब्यवस्थित बनाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने योजना छ।

सबै योजनालाई समयमै सम्पन्न गर्नको लागी सम्बन्धीत सबै पक्षको साथ सहयोग प्राप्त हुनेछ। भन्ने अपेक्षा गरेको छु।

# वडा नं. २ को विकास र आगामी योजनाहरू



**रामचन्द्र नेपाल**
अध्यक्ष, वडा नं. २

> **प्राविधिक शिक्षाको आवश्यकता महशुस गरी आदर्श मा.वि. देउरालीमा प्राविधिक धारको पठनपाठन यस वर्ष देखि शुरू गरिएको छ साथै कृषि व्यवसायलाई वैज्ञानिक,व्यवसायिक र आधुनिक वनाउन गहु, मकै,तरकारी ,फलफूलमा पकेट क्षेत्र वनाउने तयारी छ ।**

पाल्पा जिल्ला सदरमुकाम देखि १५ कि.मि. पश्चिममा रहेको रिब्दीकोट गाउँपालिका वडा नं २ देउराली बहुजातीय समूहहरुको वसोवास रहेको सुन्दर प्राकृतिक रुपमा रहेको छ। परापूर्व काल देखि नै शैक्षिक थलो मानिएको देउरालीमा स्नातक तह सम्मको क्याम्पस १, माध्यमिक विद्यालय २, आधारभूत तहका विद्यालय ३ वटा रहेका छन्।

वडा पर्यटकीय द्धष्टिले महत्वपूर्ण मानिएको छ। काठे भंगालो, चिउरे भंगाले, गुफाहरु, संसारकोट लेक, टाकुरा लेक, भुटुका लेक प्रकृतिकको सोन्दर्यले भरिएका पर्यटक स्थलहरु हुन।

संघिय संरचना अनुसार स्थानीय सरकार बनेपछि १८ महिनाको अवधिमा यस वडालाई **समृद्ध देउराली र सुखि देउरालीवासी** भन्ने नारालाई पुरा गर्ने अभिप्रायले यस अवधिमा निम्न कार्यहरु गरिएका छन्

- प्राविधिक शिक्षाको आवश्यकता महशुस गरी आदर्श मा.वि. देउरालीमा प्राविधिक धारको पठनपाठन यस वर्ष देखि शुरु गरिएको ।
- शैक्षिक गुणस्तर अभिबृद्धिका लागि प्रत्येक विद्यालयमा शैक्षिक सामाग्रि वितरण र शुद्ध पिउने पानीको व्यवस्था गरिएको।
- देउराली स्वास्थ्य इकाइ केन्द्रमा आवश्यक स्वास्थ्य परीक्षणका सामाग्रीहरु खरीद गरी निःशुल्क स्वास्थ्य परीक्षणलाई नियमितता गरिएको छ। फोहरमैलालाई व्यवस्थित गर्न एक घर एक डस्टविन वितरण अभियान संचालन गरिएको छ।
- शारीरिक असक्षमता भएका व्यक्तिहरुलाई शतप्रतिशत र सीमान्तकृत एवं लक्षित वर्ग अन्तर्गतका दलित समुदायका परिवारलाई स्वास्थ्य वीमाको पचास प्रतिशत रकम अनुदान प्रदान गरिएको छ।
- सेतो घर अभियान अन्तर्गत गत वर्ष ८ र यस वर्ष ७ गरी १५ घर परिवारलाई जस्तापता वितरण गरिएको छ।
- एक घर एक धारा सञ्चालन अभियान अन्तर्गत मूल सुधार र पाइप खरीदका लागि अनुदान वितरण।
- उज्यालो देउराली अभियान अन्तर्गत देउराली, खानिगाउँ, वरपोखरामा सोलार वत्ती जडान र लघुवामा सडक वत्ति जडान गरिएको।
- सडक निर्माण र विस्तारतर्फ कतिपय नयाँ ट्र्याक खोल्ने, पुराना वाटाहरुको स्तरोन्नती र चौडा वनाउने कार्य भएको।
- विभिन्न सामुदायिक भवनहरुको स्तरोन्नती गर्नुका साथै ७ वटा प्रतिक्षालय निर्माण गरिएको।




- फलामे पोल विस्तार गर्ने अभियान अन्तर्गत काठेपोल विस्थापन गरी १२५ ओटा जडान गरिएको ।
- वातावरण संरक्षण र पानीका मूलहरुको संरक्षण गर्ने अभियान अन्तर्गत ५ वटा पोखरी निर्माण गरिएको ।
- कृषि कार्यक्रम अन्तर्गत प्लाष्टिक टनेल, विउ विजन, प्लाटिष्क पोखरी वितरण गर्नुका साथै सिचाइका लागि डम्बक र लघुवामा पाईप खरीद गरिएको ।
- आय आर्जन वृद्धि गर्ने उद्देश्यले कम्वाइन मिल ८ वटा, हाते ट्याक्टर ३ ओटा,थ्रेसर १ वटा ५०% अनुदानमा वितरण गरिएको ,परम्परागत आरन पेसामा सुधार गरी व्यवसायिक बनाइएको ।
- वडा कार्यालयलाई व्यवस्थित,प्रविधि तथा सूचनामैत्री बनाइएको ।

**आगामी मुख्य मुख्य कार्यक्रमहरु :**

- कन्टीपोखरा वरपोखरा मोटरवाटो पिच गर्ने ।
- एक घर एक घारा अभियानलाई पूर्णता दिने ।
- सवै काठेपोल विस्थापन गरी फलामे पोलको जडान गर्ने ।
- कृषि व्यवसायलाई वैज्ञानिक, व्यवसायिक र आधुनिक वनाउन गहुँ, मकै,तरकारी, फलफूलमा पकेट क्षेत्र बनाउने ।
- विभिन्न टोलहरुमा वाल क्लव गठन गराई क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने
- हेलिप्याड निर्माण कार्य सम्पन्न गर्ने ।
- पर्यटन विकासका लागि काठे भञ्जालो, चिउरे भञ्जालो, जुके खोला, ड्याम गुफा ओडार लगायतका स्थानहरुमा सडक निर्माण गरी होमस्टे सञ्चालन गर्ने ।
- हरेक घरमा अनिवार्य करेसा वारी र फूलवारी निर्माण गर्न आवश्यक अनुदान तथा सहयोग गर्ने ।
- एकल महिलाहरुलाई आयआर्जनमा जोड दिने ।

अन्त्यमा यस रिब्दीकोट गाउँपालिकाका वडा नं २ देउरालीमा १८ महिनाको अवधिमा भएका विकास निर्माणका कार्यले समृद्ध देउरालीको संकेत देखिएको छ । माथी उल्लेखित भावी योजनाले आगामी ४२ महिनामा देउरालीको मुहार फेरी समृद्ध देउराली सुखी देउरालीवासी नारालाई सार्थक वनाउने अठोट गरेको छौं ।

# भैरवस्थान र वडा नं. ४ का क्रियाकलाप



**दुर्गा प्रसाद खनाल**
अध्यक्ष, वडा नं. ४

डाँडाकाडा र हरियालीको सुन्दर मानीने रिब्दीकोट गाउँपालिकाको वडा नं ४ भैरबस्थान पनि एक धार्मिक, पुरातात्वीक, ऐतिहासीक एवम् पर्यटकीय महत्व राख्ने वडा हो। यस वडामा १६ औ शताब्दीमा राजा मणिमुकुन्द सेन प्रथमले पुर्नाकोटमा राजदरबार स्थापना गरि पाल्पाको राज्य संचालन गरेका थिए। उनले यहि पुर्नाकोट दरवारबाटै आफ्नो राज्यको विस्तार गरेको र त्यसै क्रममा राती सोप्ना भइ काल भैरब मन्दिरको स्थापना गरेका थिए भने भैरव मन्दिरमा वैधिक विधी बमोजिम काल भैरव कृतमुख बटुक भैरव र देवीको पुजा विधि पूर्वक गरिएको लागि अखण्ट धुनि, अखण्ट दिप प्रज्वलितको व्यवस्था मिलाए बमोजिम हालसम्मपनि अखण्ड धुनि र बत्ती बलिरहेको छ। भैरवले सपना देखाए बमोजिम विधिबाट अगाडि बढेकाले उनलाई ६ राज्य विस्तार गर्न शक्ति प्राप्त भएको थियो भन्ने जन भनाइ रहेको पाईन्छ। यस वडामा राजाले नुहाउने धारा (पाल्पालीधारा) आफ्ना सेनाहरुलाई पैडीने पोखरी (पालेपोखरा) जस्ता संरचना रहेको पाइन्छ।

आजकाल भैरब मन्दिरमा पुजा गर्न आउने विभिन्न भक्तजनले यहाँ विभिन्न भाकल गर्ने गर्दछन् त्यस्तै यहाँका मानिसहरु नयाँ खेती भित्राई मन्दिरलाई अर्पण गरे मात्र खाने गर्दछन् भने बिभिन्न भकलहरु पुरा भएपछी पुजा गर्न आउनेहरुको पनि ठूलो घुइँचो देख्न सकिन्छ। आफ्नो पुजा सकिए पछि भक्तजनहरु विभिन्न डाँडाकाँडा उत्तर तर्फ मुस्कुराइ रहेका हिम श्रृङ्खलाहरु दृश्यावकोलन गर्दै मानिसहरु मोहित भएको देख्न पाईन्छ। हटिया बजारको बीचबाट तानसेन, रिडी, तम्घास मोटर बाटोको दृश्य देख्दा झनै लोभलाग्दो देखिन्छ। यहाँ आउने मानिसहरु एकपटक आएर मन्दिरको दर्शन तथा विभिन्न स्थानको दृश्यावलोकन गरेपछि नलोभिने कोहि बाँकी रहँदैन। त्यस्तै पुर्नाकोट दरवार बनेको स्थानको पनि आफ्नै महत्व देखिन्छ। यहाँ प्रत्येक बर्ष बैशाखमा मानिसहरु जम्मा भई पुजा गरी दुध धार चढाउने तथा पन्चवलि चढाई पानी माग्ने प्रचलन रही आएको छ। पहिलापहिला २०२८ साल सम्म यहाँ पानी माग्नको लागी पाल्पा ब्यारेकको समेत उपस्थिति रहन्थ्यो। हाल पुर्नाकोट दरवार भग्ना बसेसमा परिणत भएकोले २०७१ मा पुरातत्व विभागको अगुवाईमा उत्खनन् गर्ने कार्य भएको थियो। २०६२/०६३ बाट पर्यटन मन्त्रालयबाट मन्दिर वरीपरी ढुङ्गा छपाई शौचालय निर्माण मन्दिरको पश्चिम भागमा एक पार्क फुलबारी समेत निर्माण भएको छ। २०६७/०६८ देखि पुरातत्व विभागबाट मन्दिरको भवनहरुको पुननिर्माण गर्ने कार्यहरु भइरहेको छ जसले यहाँको सुन्दरतालाई झल्काउन मद्दत गर्दछ। हाल भैरब मन्दिरमाआउने श्रद्धालुको सल्लाह सुझाबअनुसार १ कोसेली घर संचालन हुदैछ जसले गर्दा यहाँको स्थानीय उत्पादनबाट उत्पादित बस्तुको प्रयोग गर्न सजिलो हुने विश्वास गरिएको छ। प्रदेश सरकारको आर्थिक सहयोगमा यस भैरबस्थानको वृहत गुरुयोजना यसै आ.व. मा बनाउने कार्य सुरु भएको छ। यसले यहाँको विकासको लागि ठूलो मद्दत गर्ने देखिएको छ ।

**वडाबाट गरिएका प्रयत्न र आगामी सोंच**

- प्रसिद्ध धार्मिकस्थल भैरवस्थानको सौन्दयीकरण र व्यवस्थित गर्न शौर्यवत्ती, पार्किङ्ग स्थल निर्माण लगायतका कार्य भएको।
- सौरगौरा लिफ्ट खानेपानी मोटरबाटो स्तरोन्नती गरिएको।
- भैरवस्थान डुम्रे मोटरबाटो स्तरोन्तती गरिएको ।
- रानीठाँटी मसुरे भारकोट हुदै होलांदी मोटरबाटो निर्माण भएको।
- वडा कार्यालय भवन मर्मत र व्यवस्थित गरिएको ।

**यस वर्षको उद्देश्य :**

- भैरवस्थानको पार्किङ्ग व्यवस्थापन, कोसेली घर सञ्चालन
- भैरव जनता मा.वि.को प्राङ्गणमा टायल छपाई र अपाङ्गमैत्री बाटो निर्माण।
- स्वास्थ्य चौकी मार्फत गर्भवतीलाई अण्डा वितरण गरिएको।
- संस्कृतीमा आधारित झाँकी प्रदर्शन र राष्ट्रिय लाखे नाचमा निरन्तरता।
- कृषि कार्यमा कृषकसँग साझेदारीमा यान्त्रिकीकरण, वजारीकरण गर्ने।

समग्रमा रिब्दीकोट गाउँपालिकाको सास्कृतिक, धार्मिक आस्थाको धरोहरका रुपमा रहेको र सेन वंशीय राज्य प्रणालीको आधार क्षेत्र भएको सन्दर्भमा यहाँको धार्मिक, सांस्कृतिक पक्षहरुको प्रचार प्रसार र बजारिकरण गर्ने लक्ष्य तथा उद्देश्य साथ हाम्रा गतिविधि निर्देशित गर्न जरुरी छ र सो कार्यकालागि सबैको साथ र सहयोग जरुरी छ।

# वडा नं. ५ कुसुमखोलाको गतिविधी



**कृष्ण बहादुर थापा**
अध्यक्ष, वडा नं ५

शान्तीका अग्रदुत गौतमबुध्दको जन्मस्थल लुम्बीनीको नामबाट नामाकरण गरिएको लुम्बीनी अञ्चलमा रहेको परापुर्ब कालदेखि वर्तमान सम्म आफ्नै छुट्टै पहिचान राख्न सफल पाल्पा जिल्ला सदरमुकाम तानसेन देखि १४ कि.मी पश्चिममा पर्दछ । यसको पूर्वमा खस्यौली भैरवस्थान, उतरमा खस्यौली, देउराली दक्षीणमा ठिमुरे र पश्चीममा पालुङ मैनादी जम्मा ६ ओटा वडाहरुको संगममा अबस्थीत गोलो वृताकार आकारमा यो रिब्दीकोट लेकबाट उदाउदो र अस्ताउँदो सुर्यको स्वर्णीम आलोक संगै खेल्दै हिमाली पवनले निरन्तर सेचन गरीरहने सदाबहार बनस्पतीले हराभरा अनगिन्ती जडीबुटी र जल सम्पदाको भण्डार स्वरुप उच्तम हिम श्रृङखलाहरुसँग मितेरी लगाउन इच्छुक सुन्दर, रमणीय धार्मीक ऐतिहासिक, पर्यटकिय पृष्ठभूमि धारण गरेको रिब्दीकोट र जलेश्वर मन्दिरको वक्षस्थल श्री भवानी देबिको काखमा कुसुमखोला नामले परिचित छ।

भौगोलीक क्षेत्रफलको आधारमा ११.५८ वर्ग कि मी यसको क्षेत्रफल र जनसंख्याको हिसाबले जनगणना २०६८ अनुसार १६२४ जनसंख्या यस वडामा रहेको छ। नेपालको राजनिती परीवर्तन संगै स्थानिय तहको निर्वाचनमा हामीलाई यस वडाका जनताले बिजय गराउनु भयो। यहाँको अमुल्य मतको हामीले सम्मान गर्ने नै छौ। हामी अहिले सबैको प्रतिनिधी तथा सेवक छौ। राजनितीक प्रतीस्पर्धा र प्रजातान्त्रीक परीपाटीलाई सबैले सहज मानी सबैसंग सहकार्य गदै अझ अगाडी बढ्नु पर्दछ। हामी सबै दलका साथीहरु मिलेर यस वडाको समग्र बिकासमा हातेमालो गरेर अगाडी बढ्ने हाम्रो मुख्य लक्ष छ। सहयोग छ सबैको, निरन्तर सहयोगको अपेक्षा समेत गरिएको छ।

यस रिब्दीकोट गा.पा. वडा नं ५ मा हामी जनप्रतीनिधि बहाल भएपछी एक आर्थिक बर्ष सफलताका साथ सम्पन्न गरि दोस्रो आर्थिक बर्षको मध्यान्तर तिर कदम बढाई रहेका छौ। गतबर्षको वडागत समिक्षा गर्दै प्राप्त अनुभवबाट शिक्षा लिएर बढोत्तरी जनआकाङक्षा अनुसार क्रमिकरुपमा बिकासको गतिलाई सहिबिन्दुमा पुऱ्याउने अवसर प्राप्त भएको महसुस भएको छ।

जनताको सहभागीतामा बस्तीस्तरबाट छनोट भई आएका योजनालाई वडा तहमा छलफल तथा प्राथमिकरण गरेर बजेट बिनीयोजन गरि कार्यान्वयन चरण देखी फरफारक गर्दा सम्म विविध चुनौती र समस्या आउदा रहेछन्। विद्यमान चुनौती र समस्यालाई समाधान गर्दै आगामी प्राप्त उपलब्धीको रक्षा गर्दै आगामी आ.व. हरुमा चुनौती र समस्यालाई सिमित गर्दै योजना कार्यान्वयन र फरफारकलाई प्रभाबकारी पारदर्शी र गुणस्तरीय बनाउदै बिकास प्रकृयामा नविन गतिशीलता थपीने आशा गरिन्छ।

वडाको निकासको सहि दिसानिर्देश गर्न निकै अप्ठारो रहेपनि राजनितीक दल, जनप्रतीनीधीहरु तथा कर्मचारीहरुको सहयोग र सकृयतामा आर्थिक सामाजिक समृद्धिका केहि कामका थालनी भएका छन्। गत आ.व. २०७४/७५ र चालु आ व ०७५/७६ को १८ महिना सम्म आई पुग्दा यस वडामा भए गरेका मूख्य उपलब्धि र भावी कार्यक्रम तथा योजना तपसिल बमोजिम उल्लेख गर्न चाहन्छु।

**भौतिक पूर्वाधार तर्फ:**

- **मोटरबाटो**
- गत अ.व.मा नया ट्र्याक बनाईएको ७.५ कि.मी.।
- गत अ.व.मा स्तरोन्नती गरेको ६.३ कि.मी.।
- गत अ.व.मा पक्की नाली टेवा वाल १२५ मी.।
- गत अ.व.मा ढुङ्गा छपाई ३०० मी.।
- उपरोक्त अनुसारको कार्यगर्न रु. २६,५०,०००।- बजेट विनियोजन भएको थियो। यस वडामा ५ कि.मी.पक्की र टोलबस्ती जोडने मोटरबाटो ४५.३ कि.मी.।

**भवन निर्माण तर्फ:**

- सामुदायिक भवन निर्माण २ वटा टर्स सहित ।
- सामुदायिक २ वटा भवनमा टर्स राखिएको।
- सामुदायिक एउटा भवन मर्मत।
- लक्ष्मी आधारभुत विद्यालय घेरा वाल निर्माण ।
- भवानी मा.वि.को ग्राउण्डमा टायल छपाई ।
- लक्ष्मीनारायण मन्दिर जिर्णोद्वार।

- महिला बहुउद्देश्यीय सहकारी सस्था लि. भवन मर्मत।
- प्रतिक्षालय निर्माणको पूर्वाधार तयारी।
- वडा कार्यालय व्यबस्थापन रंग रोगन तथा सौन्दर्यकरण।
- उपरोक्त अनुसारको कार्य गर्न रु.१६,००,०००।- बजेट विनियोजन गरिएको थियो।

**खानेपानी तर्फ**

- १२ घन मिटर टंकी निर्माण।
- १ घन मिटर २ वटा टंकी निर्माण।
- ७ वटा धारा निर्माण।
- ७०० मि.पाईप बिस्तार।
- १ वटा कुवा व्यबस्थापन र धारा निर्माण।
- उपरोक्त अनुसारको कार्य गर्न ६,५०,०००।- बजेट विनियोजन भएको थियो।
- भौतिक संरचना अन्तर्गत पैदल यात्रा र बिपद न्यूनिकरण बर्षा यामका लागी ६ मिटरको पक्की फडके निर्माण।

**गरिवी न्यूनिकरण अन्तर्गत**

- अति बिपन्न ३३ घरधुरीमा टिन लगाई खरले छाएको घर मुक्त पहिलो वडा घोषणा गर्न सफल
- २० जनाको महिला समुह बनाई २/२ वटा उन्नत बाख्रा ४० वटा पैचोको रुपमा उपहार बाख्रा बितरण।
- १७ जना अपाङ्गलाई स्वास्थ्य बिमा गरिएको।
- १६ जना अपाङ्गलाई अपाङ्ग हित कार्यक्रम अन्तर्गत २/२ वटा उन्नत बाख्रा ३२ वटा उपहारको रुपमा बितरण।
- ५५ घरका दलित समुदायको स्वास्थ्य बिमा गरिएको।
- छुवाछुत र दलित अधिकार सम्बन्धि १ दिने तालिम दिईएको।
- ३५० घरको माटो बिशेषज्ञद्वारा माटो परिक्षण गरिएको।
- टोल स्तरिय बालवालिकालाई आवश्यक खेलकुद, शैक्षिक सामग्री, कार्यालय व्यबस्थापनका सामान खरिद गर्न अनुदान दिईएको।
- बिद्यालय स्तरका अति बिपन्न जेहन्दार बिद्यार्थीका लागी प्रोत्साहन स्वरुप छात्रबृत्ति बितरण।
- २ वटा नागरिक सचेतना केन्द्रलाई सरसफाईका सामान र कार्यालय व्यबस्थापनका सामान खरिद गर्न अनुदान दिईएको।
- २७ जना जेष्ठ नागरिकलाई बृद्ध सम्मान कार्यक्रम अन्तर्गत न्यानो कपडा कम्बल र पौष्टिक आहार हर्लिक्स बितरण गरिएको।
- बाल बुद्ध कल्याण संघद्वारा दिवा सेवा केन्द्र स्थापना गर्न आर्थिक सहयोग।
- व्यावसायिक रुपमा स्थानिय र ठूलो परिमाणमा बिकासे कुखुरा पालक १६ जनालाई प्रोत्साहन स्वरुप रु.५०००।-का दरले नगद प्रदान गरिएको।
- ९३ वटा फलामे पोल गाडी तार व्यबस्थापन कार्य सम्पन्न गरिएको।

**वडा कार्यालय बाट सेवा प्रदान गरिएको बिवरण**

- आ.व. २०७४/७५ मा
- नागरिकता सिफारिस जम्मा १४५ वटा।
- विविध खालका सिफारिस जम्मा १६९ वटा।
- विपद व्यबस्थापन तथा आर्थिक सहायताका लागी सिफारिस ४ वटा।

**आ.व. २०७५/७६ प्रथम चौमासिकमा**

- नागरिकता सिफरिस जम्मा ६९ वटा, विविध सिफारिस ४६ वटा, विपद व्यबस्थापन तथा आर्थिक सहायताका लागी सिफारिस १ वटा।
- आ.व. २०७५/७६ मा भएका चालु योजनामा भएका उपलब्धीहरु
- १८३.५ मि.ग्राभेल (भुक्तानी भएको)।
- महिला बहुउद्देश्यीय स.स.लि. भवनको प्लास्टर (भुक्तानी भएको)।
- १.९ कि.मि. मोटरबाटो स्तरोन्नती र नाली निर्माण (भुक्तानी भएको)।
- २ स्थानका बाटोमा ग्याविङ्ग वाल निर्माण सम्पन्न (मूल्याङ्कन नभएको)।
- बिद्यालयको घेरावाल कार्यसम्पन्न (मूल्याङ्कन भएको)।
- १ वटा महिला भवन प्लास्टर गर्ने कार्य सम्पन्न (मूल्याङ्कन नभएको)।
- २ वटामा ढुङ्गा छपाई कार्य सम्पन्न (मूल्याङ्कन हुन बाँकी)।

**आ.व. २०७५/७६ को लागी भावी कार्यक्रम**

- एक घर एक धारा टोल नं. ३ मा सुरु गरिएको घर सख्या ७५।
- व्यबसायिक पशुपालन गर्नका लागी साझेदारी कार्यक्रमका लागी व्यक्ति समुह तथा फर्म संग निवेदन माग गरिएको।
- रिब्दीकोट पर्यटन क्षेत्रको बिकास र प्राकेतिक बगैचा निर्माणका लागी जोड दिने।
- डेरी व्यबस्थापनलाई जोड दिने।
- समुहतग तरकारी खेतीलाई जोड दिने।
- बिद्यालय स्तरका वालिकाका लागी स्यानेटरी प्याडको व्यबस्थापन गर्ने।
- वडा भित्रका HIV संक्रमितका लागी बिशेष कार्यक्रम सञ्चालन गर्ने।
- नागरिक सचेतना केन्द्र, सिकाई केन्द्र र महिला समन्वय समितिलाई सकृय रुपमा कृयासिल गराई काम गर्न अभिप्रेरित गर्ने।

# वडा नं. ६ टिमुर र मह उत्पादनमा अगाडि



**तुल बहादुर जि.सी**
अध्यक्ष, वडा नं ६

**"जंगलमा पाइने जडिबुटी टिमुर अधिक मात्रामा उत्पादन हुने भएकोले कतिपयले यसबाट रोजीरोटी समेत चलाएका छन् । टिमुर (प्रति केजी रू ९००) सम्म बिक्री हुने गरेको छ । ठिमुरेमा जिल्लामै सबैभन्दा बढी मह उत्पादन हुने गर्दछ त्यसैले मह बेचेर पनि आफ्नो जीवनस्तर चलाउनेहरू रहेका छन् ।"**

**परिचय :**

सफा घर सफा गाउँ, समृद्ध रिब्दीकोट बनाउने हाम्रो अभियान भन्ने नाराको साथ विकेन्द्रीकरणको सिद्धान्त अनुरुप वडाको योजनावद्ध बिकासलाई ठोस रुपमा अगाडि वढाउनको लागि योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकनमा रिब्दीकोट गाउँपालिका वडा नं ६ को महत्वपूर्ण भूमिका रहेको छ।

स्थानिय तह पुनसंरचना अनुसार ७ सय ५३ स्थानिय तह ७ प्रदेश मध्ये प्रदेश नं. ५ मा पर्ने एक रिब्दीकोट गाउँपालिका एक हो। यस अर्न्तगत वडा नं ६ पर्दछ। साविक ठिमुरे गाविस वडा नं ६ बनेको छ। जिल्लाको रिब्दीकोट डाँडा (कोटको डाँडा) को काखमा अवस्थित रहेको छ। वडाको नाम ठिमूरे कसरी रहेछ भने किम्बदन्ति अनुसार यस क्षेत्रमा टिमुर (बनस्पती) पाईने हुनाले टिमुरे, टिमुरे हुदै त्यही शब्दको अपभ्रंश भई ठिमुरे हुन गएको हो भन्ने भनाई रहेको छ। अझैपनि ठिमुरे र पालुङ्गमैनादीको सिमानाको एक स्थानलाई टिमुरडाँडा भनिन्छ।

**भौगोलिक अवस्था :**

पाल्पा जिल्लाको सदरमुकाम देखि करिब २५ कि.मी दक्षिण पश्चिम अवस्थित यस वडाको उत्तरमा कुसुममखोला, पूर्वमा मस्याम र भैरवस्थान, दक्षिणमा दोभान र कचल र पश्चिममा पालुङ्गमैनादी र फेक गाविस (साविकका) रहेका छन्। यस वडाको माथिल्लो भाग समुद्री सतहबाट करिब ६ हजार फिट उचाईमा रहेकोले यहाँ हावापानीको दृष्टिकोणले चैत्र, बैशाख र जेठ महिना अनुकुल र अन्य महिनाहरुमा प्रायः हुस्सु लागिरहने भएकोले प्रायः जाडो भइरहने गर्दछ। वडाको तल्लो भागको समुन्द्र सतहबाट २ हजार फिट उचाईमा रहेकोले तल्लो भागमा भने केही न्यानो हुन्छ। यस वडाबाट अन्नपूर्ण, माछापुच्छे र धौलागिरी जस्ता हिमालहरुको मनोरम दृष्य अवलोकन गर्न सकिने र जलेश्वर मन्दिर र रिब्दीकोट डाँडाको नजीक रहेकोले पर्यटकीय र धार्मिक अवलोकनको दृष्टिले महत्वपूर्ण रहेको छ।

**सामाजिक र आर्थिक अवस्था :**

कुल जनसंख्याको करिब ९८.५ मगर जातीको बसोबास रहेको वडाका बासिन्दाहरुको जनजीवन मध्यम स्तरको छ। कृषि पेशालाई मुख्य पेशा अपनाएका करिब ९०.५ यहाँका बासिन्दाहरुले आफुले उब्जाएका बस्तुहरुलाई वडाको लुली भट्टी र नेटा बजारमा मंगलबार र शुक्रबार लाग्ने बजारमा बिक्रि गर्दछन् । वडाबाट उत्पादन हुने बस्तुहरु बिक्री नभएर खेर फाल्नु परेको छैन। जंगलमा पाइने जडिबुटी टिमुर अधिक मात्रामा उत्पादन हुने भएकोले कतिपयले यसबाट रोजीरोटी समेत चलाएका छन्। टिमुर (प्रति केजी रु ९००) सम्म बिक्री हुने गरेको छ। ठिमुरेमा जिल्लामै सबैभन्दा बढी मह उत्पादन हुने गर्दछ त्यसैले मह बेचेर पनि आफ्नो जीवनस्तर चलाउनेहरु रहेका छन्। रोजगारीको अभावले युवाहरु बैदेशिक रोजगारमा जान बाध्य भएका छन्। थोरै मानिसहरु सेवा क्षेत्रमा लागेका छन्।



ठिमुरेदेखि दोभान हुँदै बुटवल जोड्ने २६ कि.मि. मोटरबाटोको उद्घाटन गर्दै

सहभागितात्मक योजना तर्जुमा प्रक्रिया राष्ट्रिय योजना आयोगले निर्धारण गरेको आधारमा आर्थिक वर्ष २०७४/०७५ का लागि रिब्दीकोट गाउँपालिकाले योजना तयार गरेको छ। रिब्दीकोट गाउँपालिकाको योजना तर्जुमा प्रक्रियालाई बढी समावेशी र यथार्थपरक वनाइएको छ।

**शैक्षिक र यातायात अबस्था :**

वडा नं ६ मा ८ वटा विद्यालय रहेको छन्। दुई वटा मावि एक निमावि र ५ वटा प्रावि विद्यालय रहेको छ। यातायातको हिसाबले वडा कार्यालयबाट सबै कच्ची मोटरबाटोहरु साविक ठिमुरे गाविस हाल वडा नं ६ का टोल र बस्तीहरुमा पुगेको छ। वडाका तिन सडक मुख्य मोटरबाटोहरु मध्ये नेटा-देउराली-छतिवन दोभान हुदै बुटवल जोड्ने २६ कि.मी सडक एक हो। यो मोटरबाटोले डुम्रे-लुलीभट्टी-बतासे जोडेको छ भने ठिमुरे संगै जिल्लाको पश्चिम भेगको नाका खुलेको छ।

**विद्युत र संचार :**

वडामा सबै घरधुरीमा विद्युतीकरण भएको छ। २०७५ भाद्र महिनामा ५० घरधुरीमा विद्युतीकरण गरी सबैको घरमा बिजुली बत्ती बलेको छ। काठका बिजुलीका पोललाई विस्तारै फलामका पोल राख्ने योजना बनाइएको छ। नेपाल टेलिकमको वडामा रहेको टावरले वडामा सञ्चारमा सहजता भएको छ।

**सामाजिक सुरक्षा भत्ता :**

सामाजिक सुरक्षा कार्यक्रम अर्न्तगत वडामा १ सय २७ बृद्ध, १ सय ६ एकल महिला, ३७ जेष्ठ दलित र ६२ दलित बालबालिकालाई सुरक्षा भत्ता वितरण गरिएको छ। ५ जना पूर्ण अपाङ्ग ४ जना असहाय र ३२ जना सामान्य अपाङ्गता भएकालाई पनि सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ।

## गाउँबासीमा अनुरोध

- हरित सडक बनाउनका निम्ती सडक किनारामा बृक्षारोपण, घाँस रोपण गर्न सबैमा अनुरोध छ।
- हरेक घरमा फलफुलको विरुवा रोपण गरौं
- घरआँगन सफा राखौं।
- पूर्ण सरसफाईका सूचक अबलम्बन गरौं।
- मठमन्दिरको संरक्षणमा योगदान गरौं।
- खानेपानीका मुल दुषित हुनबाट जोगाऊ।
- सबै बालबालिकालाई नियमित विद्यालय पठाऊ।

# वडा नं. ७ को योजना र प्राथमिकता



**निल बहादुर रास्कोटी**
अध्यक्ष, वडा नं. ७

रिब्दीकोट गाउँपालिका वडा नं. ७ पालुङ्गमैनादी उत्तर दक्षिण लामो आकारमा अवस्थीत रहेको टोल नं. १ देखी टोल नं. ९ सम्म दक्षिण पुर्ब तिर रहेको छ। समुन्द्री सतहबाट ८५० देखी १८०० मिटर को उचाइमा रहेको यस वडामा औषत समशितोष्ण हावापानी रहेको छ। यस वडामा स्थानिय निकायको निर्वाचन पश्चात यस वडाको नेतृत्व समालेपछि विकासको काममा प्राथमिकता दिएका छौं ।

**१. कार्यालय व्यवस्थापन तर्फ** : विगत लामो समयदेखी जनप्रतिनिधि विहिन रहेको यस अवस्थामा सम्पूर्ण काम एउटै कोठाबाट हुदै आएकोमा हाल आएर प्रशासनिक फाँट, अध्यक्ष कार्यकक्ष, शौचालय करिव ११,५०,०००|- लगानी गरी भवन मर्मत तथा निर्माण सभा हल, भवन प्लास्टर, रङ्ग रोगन, पुराना कागज प्रत्रको ब्यवस्थापनको लागी अफिस ज्याक नेट ब्यवस्थापन सोलार जडान सुचना पार्टी लिप्टीङ्ग धारा कार्यालय व्यवस्थापनको हाल काम सम्पन्न भएको छ। साथै यस कार्यबाट सेवाग्राही लाई समेत काममा छिटो र छरितो भएको महसुस भएको छ ।

**२. शिक्षा तर्फ** : आ.व ०७४/०७५ को बजेटबाट यस वडामा रहेका ३ ओटा बिद्यालयहरुलाई भौतिक तथा प्राविधिक विकासको लागी रु २३,००,०००|- विनियोजित गरिएको थियो यो पनि एक महत्वपूर्ण उपलब्धी हो।

**३. यातायात तर्फ** : सडकको स्तरोन्नती सुधार यातायातको एक महत्वपूर्ण अंङ्ग हो। यातायात विना विकास निर्माण असम्भव छ। यातायात क्षेत्रमा मात्र ३५,०००००|- भन्दा बढी विनियोजन भएको छ। साथै गत आ.व. मा मात्र २०,००,०००|- भन्दा बढीको काम भएको छ । जसबाट यस वडाको धेरै बाटाहरुमा स्तरोन्नती

> **“बाटाहरुमा स्तरोन्नती नयाा बाटा हरु खोलिएका छन जसबाट यस क्षेत्रमा उत्पादन भएको टमाटर सुन्तला तथा मौसमी/ बेमौसमी तरकालीहरुलाई समेत यातयातको कारण कुनै समस्या आएको देखिदैन ।”**

नयाँ बाटाहरु खोलिएका छन जसबाट यस क्षेत्रमा उत्पादन भएको टमाटर सुन्तला तथा मौसमी, बेमौसमी तरकारीहरुलाई समेत यातयातको कारण कुनै समस्या आएको देखिदैन। गत आ.व.मा विनियोजित रकमबाट मात्र थुम्कीला तल्लावारी मोटर बाटो नियमित रुपमा संचालनमा आएको छ। उक्त बाटोको केही भागमा गिट्टी विछ्याउने काम समेत भएको छ। गहत्यार बासटाँरी पाखासिलि बाटो पुर्ण रुपमा स्तर उन्नती भएको छ भने केही भागमा गिट्टी बिछ्याउने काम समेत भएको छ। त्यसैगरी टोल नं. ०९ को डोड्याउने धनराजा नयाँ मोटर बाटो को ट्र्याक खोलिएको छ। जसबाट त्यस क्षेत्रमा उत्पादीत बस्तुहरुलाई सहज रुपमा बजार सम्म पुऱ्याउन सहज भएको छ। साथसाथै टोल नं. ५ को अर्खौदी देखी डडुवासम्म नयाँ ट्र्याक खोली १५ घर धुरीलाई यातायातको समस्या भएको छैन यो पनि एक उल्लेख्य सुधारको अवस्था हो। त्यसै गरि पालुङ्गको केही तथा टोल नं. ५ को केही भागमा समेत नयाँ ट्र्याक खोली जनमानसलाई निकै सुविधा भएको महसुस गरेको छ। साथै यस वडाका साविकमा गाडी चलीआएको बाटाहरुलाई समेत स्तरोन्नती गरिएको छ। यस आ.व.मा केही बाटाहरु बाहेक स्तरोन्नती गर्ने लक्ष्य राखीएको छ जसको कारण बाटाहरुको दिर्घकालिन रुपमा संचालनमा आउने छन ।

साथै बिद्युत विकास निर्माणको एक अभिङ्ग अंङ्ग हो यसैलाई महसुस गरि काठका जिर्ण पोलहरुलाई हटाई गाउँपालिका तथा

बिद्युत कार्यालयबाट लगभग १०० भन्दा बढी स्टिल पोलहरुलाई फेर्ने काम भएको छ। यसबाट बिद्युत जोखिमता हटेको छ साथै आगामी दिनमा पुरै काठका पोलहरु हटाउने लक्ष्य राखिएको छ।

खानेपानीलाई पनि बिषेश प्राथामिकता साथ हेरेको छु। चुर्पुक धारा लिप्ट खानेपानी को काम सुरु गरि यस वडाको पहिलो प्राथामिकता साथ गत आ.व. मा मात्र रु ६,००,०००।- विनियोजित गरेको थियो उक्त लिफ्टको कार्य धेरै नै अगाडी बढेको छ। यस कामलाई जतीसको छिटो सम्पन्न गर्ने लक्ष्य राखिएको छ। साथै सानातिना खानेपानी आयोजना पाईप खरिद छुटपुट मर्मत सम्भार मा मात्र रु २७,००,०००।- विनियोजित गरिसकिएको छ भने गत आ.व. मा मात्र १९,००,०००।- भन्दा बढिको काम सम्पन्न भएको छ। यस बाट जनताहरु लाभान्वित भएको महसुस भएको छ। साथै आगामी दिनमा हरेक जनताहरुलाई घर/घर सम्म पाईप मार्फत पानी पुऱ्याउने लक्ष्य राखिएको छ।

साथै कृषि तथा पशुपालन तर्फ बिषेश प्राथामिकता साथ हेरिएको छ त्यस कारण यस आ.व.मा कृषी तथा पशुपन्छी विकासको लागी रु ८,००,०००।- विनियोजित गरिएको छ। आगामी दिनमा कृषी तथा पशुपन्छी विकास मार्फत यस क्षेत्रमा रहेका युवाहरुलाई आत्मनिर्भर बनाउने लक्ष्य राखिएको छ।

लक्षित कार्यक्रम तर्फ गत आ.व.मा दलित जनजाती र महिला तर्फ विनियोजित भएको रकम रु ५,००,०००।- को काम सयुक्त रुपमा सिलाई बुनाई को तालिम गरिएकोमा हाल तालिम पश्चात १० जना भन्दा बढिले सिलाई कटाई पसल नै संचालन गरि आएको हुँदा यस कार्यक्रमबाट केही ब्यक्तिहरु आत्मनिर्भर बनेको साथै आगामी दिनमा यस कार्यक्रम मार्फत धेरै ब्यक्तिहरुलाई आत्मनिर्भर बनाउने लक्ष्य राखिएको छ।

यस वडाको समग्र अवस्था शिक्षा, स्वास्थ्य, यातायात, बिद्युत, खानेपानी पारदर्शिता, सेवाग्राहिको काम छिटो छरितो कार्यालय ब्यवस्थापन सुचना तथा संचार काममा जनसहभागीता को काम उत्साह रुपमा रहेको छ साथै यस्ता कार्यलाई आगामी दिनमा अझ ब्यवस्थित रुपले लैजाने यस वडा कार्यालयको सोचका साथ अगाडी बढाएका छौं।

# रिब्दीकोट गाउँपालिको अभियान

- असाहाय तथा एकल महिलाको सम्मान, सशक्तिकरण तथा उद्यमशिलताको विकास सामाजिक न्याय आधारित विकास सबैमा सम्मान।
- जेष्ठ नागरिकको सम्मान।
- जातिय छुवाछुत तथा विभेद अन्त्य गरौं सभ्य र समुन्नत समाजको सृजना गरौं।
- हरेक घरमा कुरिलो, तुलसी तथा अन्य जडिबुटिजन्य बोट विरुवाको संरक्षण र प्रवर्धन गरौं।
- शिक्षामा गुणस्तरियता र जनमुखी तथा व्यवहारिक शिक्षामा जोड।
- वडा कार्यालयसम्म स्तरिय सडक।
- अल्पसंख्यक पिछडिएका क्षेत्रका बालवालिका अध्ययन गर्ने विद्यालयमा दिवा खाजा।
- जोगिथुम र पेलाचौर क्षेत्रलाई विकासको मुल प्रवाहमा समाहितिकरण।
- कृषि, पशुपालन, यान्त्रिकीकरण, उत्पादनमा आधारित अनुदान।
- ऐतिहासिक, सांस्कृतिक धार्मिक सम्पदाको संरक्षण र बजारिकण।
- सूचना प्रविधिको प्रयोगमा जोड।

# वडा नं. ८ को विकास र आगामी योजना



**नारायण वहादुर लाम्टाङ्गे**
अध्यक्ष, वडा नं ८

५ नं प्रदेश, पाल्पा जिल्ला, रिब्दीकोट गाउँपालीका अन्तरगर्तको ८ नं वडा फेक, पाल्पाको सदरमुकाम तानसेन देखि २५ कि.मी. पश्चिममा अवस्थित छ। यसको क्षेत्रफल २९.३२ वर्ग कि.मी. छ। वि .सं .२०६८ को जनगणना अनुसार यस वडाको जनसंख्या २९७२, मगर जातीको बहुल्यता रहेको वडा हो

स्थानिय तहको निवाचन पछि निवाचित जनप्रतिनिधिहरुको सक्रियतामा सम्पन्न गरिएका कार्यहरुको संक्षिप्त बिवरण,

**शिक्षातर्फ** : भौतिक सुविधा विस्तार तर्फं गत आ.व.मा १५ लाख रुपैया र यस बर्ष ११ लाख रुपैया विनियोजन भएको छ।

**स्वास्थ्यतर्फ** : निःशुल्क स्वास्थ्य परीक्षण, परिवार नियोजन शिविर संचालन र पोषणको कार्यक्रम अन्तर्गत पोषण शिक्षा कार्यक्रम र विद्यार्थीहरुलाई टिफिन बक्स वितरण गरिएको। यस वर्ष ताल्तुङमा सामुदायिक स्वास्थ्य ईकाइ स्थापना र फेक स्वा. चौकीमा बर्थीङ्ग सेन्टर स्थापना गरिदै छ। नेपाल रेडक्रस सोसाईटी मर्फत ३ वर्षको लागी समुदायमा आधारीत स्वास्थ्य तथा प्राथमिक उपचार कार्यक्रम (CBHFA) द्वारा स्वास्थ्य सरसफाई, महिला तथा किशोरी स्वास्थ्य र प्राथमिक उपचार संबन्धीत विभिन्न सचेतना तालीम कार्यक्रम चलिरहेको छ।

**विद्युत** : यस वडाको आरेफान क्षेत्रमा विद्युतविस्तार अर्न्तगत गत वर्ष विद्युतपोल र यस बर्ष तार जडान गरी विद्युत आर्पुती गरिदै छ।

**खानेपानी** : प्राय सबै टोल बस्तीमा खानेपानीको मुहान, ट्याङ्की मर्मत गर्नुपर्ने भएकोले गत आ.व. मा ९ लाख रुपैंया र यस वर्ष २० लाख रुपैंया विनियोजन गरी खानेपानीलाई ब्यबस्थापन गरीएको छ। ३ वटा ठूला लिफ्टिङको योजनाको Detail surrey भएको र रकमको लागि प्रदेश एवम् केन्द्रमा माग गर्न गा.पा. बाट सिफारीस समेत भएको छ।

**यातायात** : कतिपय नयाँ ट्याक, वाटाहरुको स्तरोन्तती गरी यातायातको सहज पहुँच पुऱ्याइएको।

**खेल मैदान** : साविकका सबै वडाहरुमा १,१ वटा भलिबल खेल मैदान निर्माण र भेडीचौर खेल मैदानलाई फुटबल खेल मैदानको रुपमा स्तरोन्नती गर्ने कार्य।

**कृषि/पशुविकास** : गत आ.व. मा मौरी घार स्प्रे, प्लाष्टिक टनेल ५०% अनुदानमा कृषकलाई वितरण गरिएको, ४ वटा साँध कुलो मर्मत कार्य सम्पन्न भएको छ। यस वर्षमा खासगरी भकारो सुधार, बाख्राको खोर निर्माण, बंगुरको खोर सुधार आदि कार्यक्रम ५०% अनुदानमा सम्पन्न गर्ने योजना रहेको।

**चुनौतीहरु**: जनजाति तथा दलित बाहुल्य क्षेत्र, अशिक्षा, गरीबी र अन्ध बिश्वासका कारणले यस क्षेत्रमा बालविबाह तथा मद्यपान यस क्षेत्रको चुनौती हो। त्यस्तै खानेपानी ब्यवस्थापन त्यस्तै कृषि तथा पशुपालन ब्यवसायीकता हुँदा बैदेशिक रोजगारीको वाहुल्यता, बादँरको प्रकोपको आदिको कारणले बसाइ सराई यस क्षेत्रको चुनौतीको रुपमा रहेको छ।

**आगामी योजनाहरु** :

- पोषण तथा सरसफाई सम्बन्धी, शिक्षक, कर्मचारी एवं विद्यार्थीहरुको क्षमता विकास गर्ने।
- युवायुवतीहरुलाई निजामति सेवा सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गर्ने।
- वडा कार्यालय भवन निर्माणको थालनी गर्ने।
- महिला स्वास्थ्य एवं प्रजनन् सम्बन्धी १ दिने निःशुल्क शिविर आरेफानमा संचालन गने
- बालबिवाह न्यूनीकरणका अभियानहरु संचालन गर्ने।
- खानेपानी समस्यालाई आगामी ३ वर्ष भित्र समाधान गर्ने।
- कृषी तथा पशुपालनलाई ब्यवसायिकता तर्फ उन्मुख गराउने।
- बतासे फेक, कचल मोटरबाटोलाई कचल सँग जोड्ने साथै डेडु र अर्खले धारमा पक्की पुलको ब्यबस्था मिलाउने।
- मुख्य सडक देखि वडा कार्यालय भवन सम्मको मोटर वाटोलाई. कम्तीमा ग्राबेलिङ र आवश्यक स्थानमा कम्तीमा खण्डे ढलान गर्ने।
- जिल्ला प्रशासनसँग समन्वयमा एकीकृत घुम्ती शिविर मार्फत जनतालाई घरदैलो मै सेवा उपलब्ध गराउने। यस वडालाई खेलकुद पर्यटन र तराईसम्म जोड्ने पूर्वाधार निर्माण गरि सामाजिक र आर्थिक विकासमा टेवा पुऱ्याउन र पछाडि परेको बस्तीलाई मूलप्रवाहीकरण गर्न जरुरी छ।

# रिब्दीकोटको बसाईको अनुभव र अनुभुति



**अनिल पौडेल**
प्रमुख प्रशासकिय अधिकृत

> **शुन्यबाट सुरु भएको रिब्दीकोट निर्माण, व्यबस्थापनले गति लिएको र थितिमा रहि कार्य गर्ने परिपाटी बिकास गर्न प्रयत्न गरिएको छ ।**

निजामती सेवामा कार्यरत यात्रा एक दशक चलिरहेको छ। गृह मन्त्रालय, सार्वजनिक खरिद अनुगमन कार्यालय र संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयको अनुभव यो अवधिमा बटुलेको छु। संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अर्न्तगत रिब्दीकोट गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतको भूमिका निर्वाह गदै गर्दा आफुलाई थप निखारता ल्याउने, सेवाग्राहीसंग सम्बन्ध स्थापित गर्ने र विकासमा दृढ भएर लाग्ने जोश र जाँगर थपिएको छ। आफ्नो कार्यमा प्रख्याती कमाउन कुन निकाय, मन्त्रालयमा रहेर सेवा गर्दा आफुमा थप निखारता र सेवामा समाहित हुन सकिन्छ भन्ने तिर्खा मेटाउने चाहानास्वरुप निकै प्रयत्नका बावजुत तत्कालिन संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय उपयुक्त स्थान हो भन्ने भयो। यही बुझाई र ठम्याईले ७ बर्ष अघि स्थानिय बिकास मन्त्रालयमा सरुवा भै काम गर्ने अवसर प्राप्त भएको थियो। हरेक समस्याहरुसंग जुध्न सक्ने गरी निखारता ल्याउने, थप परिस्कृत हुने र उर्जाशिल रहने बिभिन्न कार्यालयहरुमा गरेको काम अनुभवले सघाएको छ।

तत्कालिन स्थानिय निकायहरुमा तत्कालै खटिएर जादा नीतिगत अस्पष्टता, काममा असहजता र अनुभवले नपुग्ने व्यक्तिगत बुझाईले करिव ३ बर्ष मन्त्रालयका बिभिन्न शाखाहरुमा रही काम गरियो। त्यो बुझाई सार्थक र शत प्रतिशत सही रहेको अनुभुति भैरहेको छ। मन्त्रालयमा काम गर्दा नीति कसरी निर्माण गर्ने, कार्यान्वयन कसरी गर्ने, राजनीति र प्रशासनिक अन्तर सम्बन्ध, अन्तर संघर्ष आदि बिषयमा नजिकबाट अनुभव र अनुभूति गरेको थिए। जीवनको उत्कृष्ट सिकाई ३ बर्षिय मन्त्रालय बसाइमा रह्यो। करिब एक बर्ष भन्दा बढी कर्मचारी प्रशासन, आन्तरिक व्यबस्थापन शाखा काम गर्दा निजामतीका मानकहरुको निर्माण, परिष्करण, बिग्रह र असल अभ्यासहरु, असल संस्कृति अनुभूत गर्न पाईयो। यसले जीवनका आवेगलाई साम्य पार्ने र उर्जाशिल राख्ने र परिस्थितिको निर्क्यौल गर्न सक्षम बनाएको महशुस हुन्छ।

मन्त्रालय तहमा बसी नीतिगत, व्यबस्थापकिय, कार्यान्वयनमा खरो उत्रन सकिन्छ भन्ने बिश्वास सृजना भयो। कुनै शक्ति केन्द्रको फेर नसमाई सिकाई अनुभव लिएर स्थानिय तहमा काम गर्न जागर बोकेर स्थानिय निकायको पहिलो पोष्टिङ्ग आफुले माग गरेकै निकाय पाल्पाको तानसेन नगरपालिका सरुवा भए। करिव ४ बर्ष अघि हावापानी, संस्कार, संस्कृति अनुकुल स्थान रहेकाले पहिलो रोजाइमा तानसेन नगरपालिका परेको थियो।

मन्त्रालयको नीतिगत, व्यबस्थापकिय, कार्यान्वयनको काविलता छ भन्ने स्व-ठम्याई तानसेन नगरपालिका काम गर्दा आंशिक तुषारापात तव भयो जव समस्याको चाङ्गले आफुलाई थिचेको देख्दा। समस्या विरासतमा पाएको, कर्मचारीहरुमा काविलता नरहेको, संस्कारजन्य रुपमा सरी आएको अवस्था देख्दा



आफै दङ्ग परे। आफ्ना कार्यहरु कहाँबाट र कसरी सुरु गर्ने चिन्ताले सताउने थालेपछि सोच्न थाले मेरो लागी यो उपयुक्त स्थान रहेनछ। हरेश नखाएर आफुलाई संयमित बनाई काम गर्दै जादा सहयोगी जन र मनहरुको साथ मिल्न थाल्यो, निरासाबाट आंशिक रुपमा समस्याहरु चिर्दै अगाडी बढ्ने प्रयास गरे। अधुरा र असहज कामहरुलाई सल्टाउदै जादा थप समर्थन र सहयोग बढदै गएपछि आत्मबल उच्च भै तानसेनको समग्र बिकासमा एक ईटा थप्न सफल भएको मेरो अनुभव र बुझाई छ। तानसेन नगरपालिकाको बसाईमा धेरै संस्कार र संस्कृतिजन्य रुपमा सरी आएको रोग सल्टाउन नसकेता पनि तानसेनको समग्र बिकासमा सहि दिशा दिने प्रयत्न गरे भन्ने लाग्दछ।

संरचनागत फेरवदलले तानसेन नगरपालिका रहेर थप काम गर्ने र अधुरा काम पुरा गर्न नपाउदै रिब्दीकोट गाउँपालिकामा सेवा गर्ने परिस्थिति सृजना भयो। संरचनागत र संस्कृतिजन्य परिस्थितिलाई बिर्सदै शुन्यबाट काम गर्नुपर्ने अवस्था रिब्दीकोटमा रह्यो तर त्यो अवसरलाई चुनौति र अवसरको रुपमा लिदै शुन्यबाट काम सुरु गरियो। हालको अवस्था सम्म ल्याई एउटा विधि, प्रक्रियामा हिंडाउन प्रयत्नरत रहेको छु भने रहदासम्म रिब्दीकोटलाई सहि दिशा दिन जनप्रतिनिधि, कर्मचारीहरुको साथ लिई अगाडी बढने प्रतिबद्धता रहेको छ।

शुन्यबाट सुरु भएको रिब्दीकोट निर्माण, व्यबस्थापनले गति लिएको र थितिमा रहि कार्य गर्ने परिपाटी बिकास गर्न प्रयत्न गरिएको छ। थितिमा रहेर काम गर्न सबैको साथ र समर्थन रहेको अनुभव र अनुभूति औपचारिक जमघटमा हुने चर्चा परिचर्चाबाट अनुभूत हुन्छ। राजनितिक आग्रह, पूर्वाग्रह रहित भै काम गर्दा अपहेलित, अग्राहिय हुनु पर्दैन र सहि नीति, सहि कार्यक्रम गर्ने शैली अवलम्बन गर्न सकिएमा राजनितिक पूर्वाग्रहको सिकार हुनु पर्दैन भन्ने अनुभुति भएको छ। कर्मचारीले निर्वाचित जनप्रतिनिधिलाई अनुभव र प्राप्त तथ्य तथ्याङ्कहरुको प्रचलन गर्ने, विधिसंगै कानूनहरुको सहि प्रयोग गर्न अभिप्रेरित गरी जिम्मेवारी निर्वाह गरेमा कसैबाट अर्घेल्याई गर्ने हिक्मत, दुस्साहस रहदैन भन्ने अनुभवले सिकाएको छ। यसो गर्न सकेमा कर्मचारी र जनप्रतिनिधि बिच देखिने राजनीतिक तिक्तता क्रमश :मेटिई "एकै डुंगामा सवार यात्री" को भावना बिकास भै सेवा प्रवाह र बिकासका कार्यहरु सहि दिशानिर्देश हुन्छ भन्ने एक दशकको अनुभव र अनुभूति छ।

# रिब्दीकोट गाउँपालिकाको शैक्षिक अवस्था



**विष्णु प्रसाद वेल्वासे**
शिक्षा अधिकृत
रिब्दीकोट गाउँपालिका, पाल्पा

> **प्रावि तह सञ्चालन भएका, न्यून विद्यार्थी संख्या (३० जना भन्दा कम विद्यार्थी) रहेका १३ विद्यालयहरुमा कार्यदल गठन गरी सम्बद्ध सरोकारवालाहरुसंग छलफल अन्तरक्रिया गरी राय सुझाव संकलन र पृष्ठपोषण सहितको प्रतिवेदन तयार भएका छन् ।**

शिक्षा देश विकासको मेरुदण्ड हो। शिक्षालाई सामाजिक परिवर्तन र आचरण निर्माणको कारकका रुपमा लिने गरिन्छ। शिक्षाले नागरिकलाई स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय समुदायमा प्रवेश गर्न र उपयोगी काम गर्न सहयोग पुऱ्याउने गर्दछ। नेपालको संविधान भाग ३ मा मौलिक हक अन्तर्गत धारा ३१ मा शिक्षा सम्बन्धी हकको व्यवस्था छ। शिक्षा सम्बन्धी हकले प्रत्येक नागरीकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनुको साथै आधारभूत तह सम्म निःशुल्क र अनिवार्य, माध्यमिक तह सम्मको शिक्षा निःशुल्क पाउने हकको व्यवस्था गरेको छ। संविधानको अनूसूची ८ मा एकल अधिकार अन्तर्गत आधारभूत र माध्यमिक शिक्षा स्थानीय सरकारको जिम्मामा रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को (ज) मा गाउँपालिका र नगरपालिका अन्तर्गत २३ वटा काम कर्तव्य र अधिकार उल्लेख भएको छ।

आ.व.२०७५/०७६ को वजेटमा सम्पूर्ण वालवालिकालाई विद्यालय ल्याऔ, टिकाऔं र सिकाऔं अभियान राखेको छ। स्थानीय तहमा क्रमश प्राविधिक शिक्षालय र विद्यालय पुऱ्याउने, सूचना प्रविधि मैत्री शिक्षा मार्फत सार्वजनिक शिक्षाको गुणस्तर सुधार गदै लैजाने योजनाहरु रहेका छन्। १४ औं त्रीवर्षीय योजनाको सोच शिक्षामा सवैको पहुँच र गुणस्तर अभिवृद्धि गरी प्रतिस्पर्धी, उद्यमी र नव प्रवर्तनशील मानव पूँजीको विकासबाट आर्थिक सामाजिक रुपान्तरण गर्ने रहेको छ।

रिब्दीकोट गाउँपालिका अन्तर्गत शिक्षामा पहुँच, गुणस्तर वृद्धि गर्न संगठनात्मक संरचना अन्तर्गत शिक्षा शाखा रहेको छ। पूर्व प्रा.वि. २९, आधारभूत तह कक्षा १-५ संचालन १९ वटा, आधारभूत तह कक्षा ६- ८ संचालन ७ वटा, माध्यमिक तह कक्षा ९-१० संचालन ५ वटा , मावि तह कक्षा ११-१२ संचालन ७ वटा गाउँपालिकामा ३७ वटा सामुदायिक विद्यालय रहेका छन्। प्रावि एक र आधारभूत तह कक्षा ६-८ संचालन एक संस्थागत विद्यालय रहेका छन्। वालविकासमा ५ सय ७० जना, कक्षा १ ५ मा एक हजार ९ सय ३९ जना, कक्षा ६८ मा एक हजार २ सय १६ जना र कक्षा ९ १० मा ६ सय ९० जना, कक्षा १११२ मा ४ सय ३० जना गरी जम्मा ४ हजार ८ सय ४५ जना विद्यार्थी संख्या रहेका छन्। विद्यालयहरुमा छात्रा २ हजार ४ सय ७७ जना र दलित एक हजार २ सय ३९ जना, जनजाती २ हजार ४ सय ७८ जना र अपाङ्गता भएका एक सय जना विद्यार्थीहरु रहेका छन् । गाउँपालिकामा भैरव जनता भैरवस्थान, आर्दश बहुमुखी देउराली र सरस्वती बहुमुखी क्याम्पस खस्यौली गरी तिन क्याम्पस रहेका छन्। खस्यौली, देउराली र कुसुमखोलामा सामुदायिक सिकाई केन्द्र रहेका छन्। भवानी मावि कुसुमखोलामा शुस्तश्रवण कक्षा, प्रभात मावि पालुंङ्गमैनादीमा १८ महिने कृषि जे.टि.ए.र आदर्श मावि देउरालीमा डिप्लोमा इन वाली विज्ञानका कक्षा सञ्चालन छन्।

प्रावि तहमा स्वीकृत दरवन्दी एक सय ४० जना, राहत १५ जना, आधारभूत तहमा स्वीकृत दरवन्दी ३३ जना र राहत १४,



माध्यमिक तहमा कक्षा ९-१० मा दरवन्दी २२ जना र राहत १६ जना, माध्यमिक कक्षा ११-१२ मा दरवन्दी ४ जना र राहत अनुदान ८ जना गरी गाउँपालिकामा कूल जम्मा एक सय ९९ जना स्वीकृत दरवन्दी र ५३ जना राहत अनुदानका शिक्षकहरु रहेका छन् । कतिपय विद्यालयहरुमा शुन्य दरवन्दी र न्यून दरवन्दी भएकाले शिक्षा विकास तथा समन्वय शाखाबाट शिक्षण सहयोग अनुदान कार्यक्रम अर्न्तगत ४ जना र गाउँपालिकाबाट १८ जना विभिन्न तहमा र कतिपय विद्यालयहरुले आफ्नै स्रोतबाट शिक्षकहरुलाई तलबको समेत व्यवास्था गरिएको छ।

शाखाबाट सम्पादन भएका कार्यहरु :

- सशर्त अनुदान तर्फ आ.व.२०७४/०७५ मा ९५.८९ प्रतिशत र आ.व. २०७५/०७६ को मंसिर मसान्त सम्मको २६.३२ प्रतिशत प्रगति हासिल भएको छ।
- गाउँपालिका स्तरीय अनुगमन समिति गठन गरी विद्यालयहरुको सुपरीवेक्षण, पृष्ठपोषण र आवश्यक सहयोग गर्ने कार्य भइरहेको छ।
- शिक्षा ऐन राजपत्रमा प्रकाशन भई सोही अनुसार वडा शिक्षा समिति गठन, गाउँ शिक्षा समिति गठन गरी शैक्षिक सुद्धिढीकरण र गुणस्तर वृद्धिमा क्रियासिल भइएको छ भने कक्षा ५ को अन्तिम परीक्षा वडा स्तरीय शिक्षा समितिले गर्ने योजना रहेको छ।
- प्रावि तह सञ्चालन भएका, न्यून विद्यार्थी संख्या (३० जना भन्दा कम विद्यार्थी) रहेका १३ विद्यालयहरुमा कार्यदल गठन गरी सम्बद्ध सरोकारवालाहरुसंग छलफल अन्तरक्रिया गरी राय सुझाव संकलन र पृष्ठपोषण सहितको प्रतिवेदन तयार भएका छन्।
- विद्यार्थी संख्या न्यून उपस्थित हुने पिछडिएको क्षेत्र र कूमाल वस्ती भएको वडा नं १ को जोगिथुमको कालिका आधारभूत विद्यालयमा गाउँपालिकाले विद्यार्थीहरुलाई दिवा खाजा कार्यक्रम संञ्चालन गरेको छ।
- पिछडिएको क्षेत्र र पोषणमा कमी रहेका वडा नं ८ मा ४ सय जना विद्यार्थीहरुलाई टिफिन वक्स वितरण गरिएको छ।
- गाउँपालिकाको आयोजनामा आधारभूत र माध्यमिक तहमा गणित, विज्ञान अध्यापन गर्ने शिक्षकहरुलाई शैक्षिक सामाग्री निर्माण र प्रयोग सम्बन्धी ३ दिने तालिम सञ्चालन गरिएको छ।
- गा.पा.को आयोजनामा वाल दिवशको अवसरमा माध्यमिक विद्यालयस्तरीय हाजिरी जवाफ प्रतियोगिता संचालन गरिएको।
- गा.पा.को आयोजनामा अनुगमन समिति,शिक्षा समिति र विद्यालयका प्र.अ. सहितको ४ दिने शैक्षिक अवलोकन भ्रमण र सिकाई पश्चात सवै विद्यालयहरुमा विद्यालयमा हुनुपर्ने न्यूनतम आधारहरु भएका २२ वुदे सूचकहरु सवै विद्यालयहरुमा कार्यान्वयनमा रहेको।
- प्राथमिक तहका शिक्षकहरु वीच वडास्तरीय, गाउँपालिकास्तरीय हाजिरी जवाफ प्रतियोगिता संचालन गर्ने तयारीमा रहेको।
- प्राथमिक र आधारभूत तहका प्र.अ.र वि.व्य.स. अध्यक्षहरुका लागि विद्यालय सुशासन र क्षमता विकास सम्बन्धी तालिम संचालन गर्ने प्रकृयामा रहेको ।
- गा.पा.स्तरीय विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम संचालन गर्ने प्रकृयामा रहेको।

# रिब्दीकोट क्षेत्रमा आयुर्वेदको सम्भावना र अवसर



**प्रकाश ज्ञवाली**
आयुर्वेद संयोजक

**" एक गाउँघर क्लिनिकबाट मात्र यस रिब्दीकोटले यस क्षेत्र भित्रका सबै जनतालाई भौगोलिक विकटता यातायातको पहुँचको कमि का कारण उपचार दिन सम्भव नभएको हुदा यसका शाखा विस्तार गर्नु नितान्त आवश्यक छ । "**

मानव सभ्यताको प्रारम्भ देखि नै स्वास्थ्य रक्षा गर्ने र रोगीको उपचार गरि निरोगी बनाउने उपाय परम्परा देखि चलिआएको पाईन्छ। औषधी तथा आहारको रुपमा प्रयोग गरिने सबै वस्तुहरुको प्रमुख श्रोत प्राणी जगत, खनिज तथा धातु र वनस्पति जगत गरी तीन प्रकारका भएता पनि वनस्पति जगतबाट प्राप्त हुने जडिबुटिको महत्व सर्वाधिक छ। हाम्रै घर आँगन वारी पाखामा रहेका जडिवुटिको पहिचान गर्न नसकेर सामान्य भन्दा पनि समान्य रोग लाग्दा समेत महंगो उपचार गराउन वाध्य छौ । आयुर्वेदको विकास र विस्तार हुन नसक्दा भनौ यसको पहिचान हुन नसक्दा हाम्रा नजिकै रहेका अमुल्य जडिवुटि त्यसै खेर गइरहेका छन् । जडिवुटिको खानी रहेको यस गाउँपालिकामा आयुर्वेद स्वास्थ्य सेवा दिने एक मात्र संस्था रिब्दीकोट गाउँपालिका वडा नं. ७ मा अवस्थीत पालुङ्गमैनादी आयुर्वेद औषधालय हो। यसले यस गाउँपालिका का वडा नं.५, ६, ७ र ८ का केहि जनतालाई मात्र सेवा दिन सकेको छ। आयुर्वेद क्षेत्रको विकास र विस्तार गर्नु पर्छ भनि गत वर्ष मात्र रिब्दीकोट गाउपालिकाको वडा नं. ३ खस्यौलीमा प्रत्यक महिनाको ५ र २० गते संचालन हुने गरी गाउँघर क्लिनिक संचालनमा आएको छ। जसबाट वडा नं.१, २, ३ र ४ का केहि जनताले आयुर्वेद उपचार पद्दतिबाट आफ्नो उपचार गराउन पाएका छन् । यो नै रिब्दीकोट गाउँपालिकाको आयुर्वेद विकासको प्रथम खुट्कीलो हो ।

स्थानिय सरकार भनेर चिनिने रिब्दीकोट गाउँपालिकाले हाम्रा अमुल्य जडिवुटिको संरक्षण र स्थानिय जनतालाई यसबाट जानकारी गराउने हेतुले यसैवर्ष देखि रिब्दीकोट डाँडाको जलेश्वर क्षेत्रमा जडिवुटि उद्यान वनाउने कार्यको सुरुवात गरेको छ। यो कार्य आयुर्वेद क्षेत्रको विकासका लागी यस गाउँपालिकाको दोस्रो पहल कदमी मान्न सकिन्छ।

सबै रोग को उपचार विना प्रतिकुल असरबाट गर्न सम्भव आयुर्वेद चिकित्सा पद्दति प्रति हाल सवै जनता सचेत छन् । तर पनि यसको पहुच सबै ठाउँमा नभएको हुदा विरामिहरु अन्य चिकित्सा पद्दतिमा उपचार गराउन वाध्य भएका छन्। यसै कुरालाई मध्यनजर गरी यहाँ स्थापित एक औषधालय र एक गाउँघर क्लिनिकबाट मात्र यस रिब्दीकोटले यस क्षेत्र भित्रका सबै जनतालाई भौगोलिक विकटता यातायातको पहुँचको कमि का कारण उपचार दिन सम्भव नभएको हुदा यसका शाखा विस्तार गर्नु नितान्त आवश्यक छ। आगामि दिनमा यस प्रति यस गाउँपालिकाको ध्यान जानु जरुरी छ।

**रिब्दीकोट गाउँपालिका आयुर्वेद समन्वय इकाइले गर्ने कार्यहरु**

- आयुर्वेद औषधिहरुको कमि हुन नदिन औषधिहरुको सहज व्यवस्था मिलाउने,
- गाउँपालिकामा आयुर्वेदको विकास र विस्तार मा निति नियम वनाउन सहयोगीको भुमिका निर्वाह गर्ने,
- योग शिक्षा कार्यक्रम, विद्यालय आयुर्वेद शिक्षा कार्यक्रम




संचालन गर्ने,

- स्तनपायी आमाहरुर्लाइ दुग्द वर्धक औषधिको वितरणको व्यवस्था मिलाउने,
- नसर्ने रोग व्यवस्थापन सम्वन्धी कार्यक्रम संचालन गर्ने,
- जेष्ठ नागरीकलाइ जिवन रक्षा सम्वन्धि औषधि वितरण को व्यवस्था मिलाउने,
- स्थानिय जनतालाइ जडिवुटि परिचयात्मक कार्यक्रम संचालन गर्ने,
- योग र जडिवुटि सम्वन्धि सचेतना कार्यक्रम संचालन गर्ने,
- पञ्चकर्म, पुर्वकर्म, स्नेहन र स्वेदन सम्वन्धि उपचार पद्दतिको व्यवस्था मिलाउने,
- परम्परागत स्वास्थ्यकर्मीलाई स्वास्थ्य को मुलधारमा ल्याउन आयुर्वेद चिकित्सामा आधिकारीक प्रयोग वारे तालिमको आयोजना गर्ने ।

**पालुङ्गमैनादी आयुर्वेद औषधालयबाट संचालित कार्यहरु**

- दैनिक बिरामी जाँच,
- प्रत्येक आइतवार र बुधवार अभ्यङ्ग स्वेदनबाट उपचार,
- स्तनपाइ कार्यक्रम संचालन,
- जेष्ठ नागरीक कार्यक्रम संचालन,
- नसर्ने रोग व्यवस्थापन का लागी उपचार एवं आहार विहार को वारेमा सल्लाह दिने,
- स्थानिय जडिबुटिको लागत संकलन गर्ने तथा हर्बेरियम तयार गर्ने आदि,
- आयुर्वेद उपचार पद्दतिमा हाल आएर मानिसहरुमा विश्वास वढेता पनि यसको सर्वसुलभता नहुनाले वाध्यतावस अरु चिकित्सा पद्दतिमा जान वाध्य भएका जनताहरुलाई आगामी दिनमा रिब्दीकोट गाउँपालिकाले आयुर्वेद चिकित्साको विकास गरी सर्वसुलभता गराउने तर्फ अगाडि वढेको छ।

# गाउँपालिकामा निजी आवास पुनर्निर्माणका तथ्यहरू



ई. अमर दाहाल

नेपालमा वि.सं. २०७२ साल बैशाख १२ गते गोरखाको बारपाकलाई इपिसेन्टर बनाएर गएको ७.८ म्याग्निच्युडको महाबिनासकारी भुकम्प र त्यसका पराकम्पहरुले क्षति भएका संरचनाहरु विशेषतः निजी आवासको पुनर्निर्माणको काम अन्य ३१ जिल्लाका विभिन्न स्थानिय तहहरु जस्तै यस रिब्दीकोट गाउँपालिकामा पनि भइरहेको छ। कम क्षति पुगेको १७ जिल्ला अन्तर्गतको स्थानिय तह भएकोले लाभग्राहीहरुले भुकम्प गएको झण्डै डेढ वर्षपछि मात्र प्राविधिकीय सेवा प्राप्त गर्ने अवसर प्राप्त गर्नुभयो।





भुकम्प प्रतिरोधि घरहरुका केही फोटोहरु





फोटोः प्राविधिक आउनुभन्दा अगाडि बनेका घरहरुको सुधार

यस गाउँपालिका अन्तर्गत पुनर्निर्माण लाभग्राही सूचीमा परेका लाभग्राहीको संख्या ६८८ र प्रबलिकरणमा परेका लाभग्राहीको संख्या १३५ रहेको छ। यसैगरी हालसम्म जम्मा भएका गुनासो संख्या जम्मा ५२६ रहेको छ। करिव ९० प्रतिशत लाभग्राहीले पुनर्निर्माण अन्तर्गत सम्झौता गरेर पहिलो किस्ता वापत रु. ५०,००० प्राप्त गरिसकेकका छन्। हालसम्म प्राविधिक आइसकेपछि घर निर्माण सुरु गरेका लाभग्राहीको संख्या करिव १५५ रहेको छ। दोस्रो किस्ता प्राप्त गर्ने लाभग्राहीको संख्या १४४ र तेस्रो किस्ता प्राप्त गर्ने लाभग्राहीको संख्या ११२ रहेको छ। करिव ७० जना लाभग्राहीहरुले वसोवास गर्दै आएको घर क्षतिग्रस्त भएकोले प्राविधिकहरु आउनु अगाडि नै आवास निर्माण सम्पन्न गरिसक्नु भएको छ। जसमध्ये ९ जना लाभग्राहीले अपवाद, सुधार मापदण्ड अनुसार सुधार गरिसक्नु भएको र करिब ११ जनाले सुधार गरिरहनु भएको छ।

अहिले पनि गाउँपालिकाको आठ वटै वडाहरुमा नयाँ घरहरु निर्माण र सुधार कार्य चलिरहेको छ। यस्तै प्रवलिकरणमा परेका लाभग्राहीहरुको सम्झौता गर्ने र सम्झौता परिवर्तन गर्ने कार्य पनि भइरहेको छ। गाउँगाउँमा दक्ष सिकर्मी तथा डकर्मीको अभाव, परिपूर्ती गर्न तालिम सञ्चालन गरी सिकर्मी, डकर्मी परिचालन मार्फत पुनर्निर्माणलाई गति दिन गाउँपालिकाको साथ र सहयोगले सम्भव हुँदै गएको छ।

# गाउँपालिकाको लक्ष्य प्रविधिमैत्री सेवा प्रवाह



**ई. हेमेन्द्र कुंवर**
ICT Engineer

> **"रिब्दीकोट गाउँपालिकाले आफ्नो कार्यालयका सूचना तथा जानकारी सेवाग्राही तथा स्थानीय जनता सामु छिटो र सजिलो तरिकाले उपलब्ध गराउने उद्देश्यले Mobile App संचालन गर्न लागेको छ । Group SMS को प्रोयोगबाट महत्वपूर्ण जानकारी कर्मचारी र जनप्रतिनिधिमा पुऱ्याउने काम सजिलै भएको छ । रिब्दीकोट गाउँपालिकाका सबै वडामा Internet पुऱ्याउने काम पनि सम्पन्न भएको छ ।"**

LGCDP-IIProgram अन्तर्गत प्रत्येक स्थानीय तहमा १ र १ वटा IT officer व्यवस्था गर्ने कार्यक्रम अन्तर्गत रिब्दीकोट गाउँपालिकामा गत फाल्गुनबाट सुचना प्रबिधि अधिकृतको रुपमा काम गर्दै आएको छु। एक बर्षमा त्यति सोचे जस्तो धेरै उपलब्धी हासिल नगरेता पनि E-Governance को लागि केहि सुरुवात भएको छ। केही वर्ष अघिसम्म सामान्य सूचना लिनसमेत सेवाग्राही कार्यालयमै पुग्नुपर्ने बाध्यता थियो। सूचना प्रविधि शाखाले अन्तर कार्यालय सूचना आदानप्रदान, स्थानीय तथ्यांक संकलन, प्रशोधन, अभिलेखीकरण लगायतका कार्य गर्दै आएको छ। सूचना तथा समाचार समयमै अपडेट गर्ने, केन्द्र सरकारलाई आवश्यक परेको Data समयमै उपलब्ध गराउने, Mobile Application को काम पनि अन्तिम चरणमा रहेको छ। बढ्दो प्रविधिको विकाससँगै सम्पूर्ण सेवाग्राहीमा सूचना प्रवाह गर्नु हामी सबैको दायित्व हो। यसलाई मध्यनजर गर्दै रिब्दीकोट गाउँपालिकाले आफ्नो कार्यालयका सूचना तथा जानकारी सेवाग्राही तथा स्थानीय जनता सामु छिटो र सजिलो तरिकाले उपलब्ध गराउने उद्देश्यले Mobile App संचालन गर्न लागेको छ। Group SMS को प्रोयोगबाट महत्वपूर्ण जानकारी कर्मचारी र जनप्रतिनिधिमा पुऱ्याउने काम सजिलै भएकोछ। रिब्दीकोट गाउँपालिकाका सबै वडामा Internet पुऱ्याउने काम पनि सम्पन्न भएको छ। यही आर्थिक वर्षदेखि रिब्दीकोट गाउँपालिकाका जग्गा धनिको विवरण Software मा Entry गरिसकिएको छ र जग्गा धनिले आफ्नो जग्गाको मुल्याकन आफै गरि सम्पती कर तिर्ने ब्यबस्था मिलाइएको छ। अहिले ५ ओटा वडामा software को मध्यमाबाट नै बिलकाट्ने व्यवस्था सुरु भएको छ भनेबाँकी ३ वडाबाट पनि यो व्यवस्था मिलाउनको लागि सुचना प्रविधि शाखा लागिरहेको छ। Website Maintain, Update तथा आवश्यकता अनुसार परिमार्जन गर्ने काम गरिदै आएको छ। Website मा राखिएका कुनै पनि समाचार संसारको जुनै पनि कुनाबाट सजिलै प्राप्त हुन्छ तर सबै गाउँपालिकामा बस्ने गाउँबासी Website को पहुँचमा नहुन पनि सक्छन् त्यसकारणले पनि सुचनातथा समाचार Facebook, Twitter बाट पनि Update गरिदै आएको छ। Intercom, E-attendance, Intranet को पनि काम सम्पन्न भएको छ। CCTV Camera जडान को कार्य Process मा रहेको छ। नेपाल सरकारको E-Governance बनाउने लक्ष्य अनुसार सूचना प्रविधि इकाईले सानो मात्रामा भएपनि Base बनाउने काम गरेको छ। कुनै पनि क्षेत्र विकास हुनको लागि प्रविधिको सहि प्रयोग हुनु आवश्यक छ। प्रविधिको प्रयोगबाट नै धेरै मानिसले गर्ने काम कम समयमा गर्न सकिन्छ। त्यसैले वडा तहसम्म प्रविधिको पहुँच पुऱ्याउने, घटना दर्ता तथा राजस्वलाई अनलाईन प्रणालीमा लैजाने र मोबाईल एपबाट सबै खाले सूचना गाउँबासीसम्म पुऱ्याउने कार्यमा गाउँपालिका लागि परेको छ।

# कृषि तथा पशु विकासका क्षेत्रमा गाउँपालिकाको प्रयास



प्रा.स. नारायण खराल



ना.प्रा.स. छोटेलाल कहार

> "समग्रमा पहाडि भूवनोट,अपर्याप्त पानी सिचाईको उचित प्रवन्ध नभएको भूगोल भएकाले यस रिव्दीकोटमा पशुपालन (विशेषत फलफूल खेती, वाखापालन, भैसिपालन) को उच्च सम्भावना छ ता कि मासुजन्य र दुग्धजन्य उत्पादनद्वारा गाउपालिकालाई आर्थिक समृद्धि वनाउन सकिने अवस्था छ।"

रिब्दीकोट गाउँपालिकाका गठन सँगै समग्रमा कृषि र पशु विकासकोलाई उच्च प्राथमकिता दिइएको छ। विशेषत यस गाउँपालिकोको क्षेत्रको पालुङ्गमैनादी र कुसुमखोला क्षेत्रमा सुन्तला र टमाटरलाई पकेट क्षेत्रको रुपमा विकास गर्ने। खस्यौली र भैरवस्थान, ख्याहालाई दुध उत्पादन र मासुजन्य पशुपक्षीको उच्च सम्भावना रहेको छ भने ठिमुरे, फेकमा जडिवुटीजन्य उत्पादन र उच्च मूल्यका कृषि उपजहरु, टिमुर, तेजपात, कुरिलोको सम्भावना रहेको कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण र व्यावसायिकीकरण बनाउने कार्य गाउँपालिकाको उच्च प्राथमिकतामा रहने छ र रहन जरुरी छ।

**गाउँपालिकाको स्थापना सँगै गरिएका कार्यहरु :**

- कषिलाई यान्त्रिकीकरणका लागि ४२ थान हाते ट्याक्टर, २५ थान कुटानी पिसानी मिल, ८ थान खाडल खन्ने मेशिन, ५०% अनुदानमा वितरण भएको।
- मौरिघारा वितरण माटो परीक्षण सम्बन्धी कार्यमा गाउँपालिकाले अगुवाई गरेको।
- पशुपक्षिंको स्थलगत रुपमा उपचारका लागि घुम्ती शिविर सञ्चालन गरिएको।
- टनेल, प्लाष्टिक पोखरी, विउविजन वितरण, थोपा सिचाई कार्यक्रम सञ्चालन भएको।
- व्यापक सहभागितामा कार्यक्रम यकिन गर्ने परिपाटीको विकास गरिएको।

**यस आ.व.मा गरिने मुख्य कार्यक्रमहरु :**

- सुन्तला, टमाटर, दुध र मासु वा उत्पादनमा आधारित अनुदान कार्यविधी निर्माण गरी अनुदान दिने व्यवस्था गर्ने।
- कृषिको यान्त्रिकीकरण र विविधीकरणका लागि हाते ट्र्याक्टर, कुटानी पिसानी मिल, खाडल खन्ने मेसिन अनुदानमा वितरण गर्ने व्यवस्था मिलाईएको।
- उच्च मूल्यका कृषि उपजको-टिमुर, तेजपात, कुरिलो, किवी) प्रवर्द्धनमा ठोस कार्यक्रम गर्ने उद्देश्य राखिएको।
- भैरवस्थानमा कोसेलीघर स्थापना गरी उक्त कोसेली घरमा जैविक उत्पादन, रैथाने कृषि उपज, कोदो,फापर,मकैको आटो, डोको, डालो, अम्रिसोको विक्री प्रवन्ध गरिएको।
- विपन्न परिवारमा बाख्रा वितरण, खोर सुधार, गोठ सुधार, नश्ल सुधारमा उचित जोड दिइएको।

समग्रमा पहाडि भूवनोट,अपर्याप्त पानी सिचाईको उचित प्रवन्ध नभएको भूगोल भएकाले यस रिव्दीकोटमा पशुपालन (विशेषत फलफूल खेती, वाखापालन, भैसिपालन) को उच्च सम्भावना छ ताकि मासुजन्य र दुग्धजन्य उत्पादनद्वारा गाउँपालिकालाई आर्थिक समृद्धि वनाउन सकिने अवस्था छ। नातसेन,वुटवल तथा पोखरा जस्ता ठूला शहरहरु यहाँवाट नजिक सडक पहुँच सरल रहेकाले कृषि तथा पशुजन्य उत्पादनको विक्रीका लागि उतिसारो समस्या छैन। यि सवै पक्षलाई यथेष्ठ ध्यान दिदै कृषि तथा पशुपालनमा युवालाई आकर्षण गर्न गाउँपालिका जिम्मेवार रुपमा प्रस्तुत हुनेछ।

# महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गताका क्षेत्रमा भएका गतिविधि



**पवित्रा परियार**
सहायक महिला विकास निरीक्षक

स्थानीय सरकार गठनसंगै विभिन्न कार्यलयहरुलाई संघ, प्रदेश र स्थानीय तहमा मिलान गर्ने क्रममा साविक जिल्लामा निहित रहेका कार्यलयहरुको दरवन्दी स्थानीय तहमा राखिएको छ। स्थानीय तहका एक इकाईको रुपमा महिला बालबालिका तथा समाज कल्याण इकाई स्थापना भएको छ। इकाईको स्थापना भए पश्चात विभिन्न दिवसीय कार्यक्रम सञ्चालन गरेको छ। एकल तथा एकल आश्रित महिलाहरुलाई स्वरोजगार, आत्मनिर्भर र क्षमता विकासका लागि परालको जुत्ता बनाउने तालिम, ढाका सामाग्री उत्पादन तालिम, बाटेको धुप बनाउने तालिम सञ्चालित भइसकेको छ। साथै बालसञ्जाल गठन गर्ने, तिनीहरुको परिचालन गर्ने काममा गाउँपालिकाले अगुवाइ गरेको छ।

**यस इकाइले सम्पादन गरेका मुख्य क्रियाकलापहरु**

- महिला विकास कार्यक्रम (महिला समूह, समिति, संस्थाको गठन र क्षमता अभिवृद्धि)
- महिला सशक्तिकरण कार्यक्रम अन्तर्गत विभिन्न तालिम कार्यक्रम (आयमूलक, सीपमूलक, सचेतामूलक)
- व्यवसायिक महिला समूह विकास कार्यक्रम,
- ज्येष्ठ नागरिक परिचय पत्र वितरण, ज्येष्ठ नागरिकको दिवसीय तथा मासिक भेटघाट कार्यक्रम संचालन गर्ने।
- अपाङ्गता परिचय पत्र वितरण सम्बन्धी कार्यविधि निर्माण तथा परिचय पत्र वितरण।
- विभिन्न दिवसीय संचालन गर्ने।
- लैङ्गिक हिंसा विरुद्धका क्रियाकलापहरु तथा १६ दिने अभियान।
- लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाहरुको एकीकृत विकास कार्यक्रम

> **“समग्रमा लक्षित कार्यक्रमहरूलाई प्रभावकारी रूपमा संचालन गर्दै पछाडि परेका वर्ग, समुदाय, क्षेत्रलाई सशक्तिकरण गरी मुलप्रवाहीकरण गर्ने योजना र कार्यक्रमहरू गाउँपालिकाले अगाडी सारेको छ। त्यसैले उनीहरूलाई आत्मनिर्भर, स्वालम्बन, उद्यमशील र स्वरोजगार बनाई आत्मसम्मानका साथ जिवन निर्वाह गर्ने वातावरण सिर्जना गर्ने हाम्रो दायित्व रहने छ।”**



**महिला बालबालिका तथा समाज कल्याण इकाईबाट सञ्चालित हुने प्रमुख कार्यक्रमहरु**

- ज्येष्ठ नागरिक सम्बन्धी सरोकारवालबीच अन्तरक्रिया।
- ज्येष्ठ नागरिक सम्बन्धी दिवसीय कार्यक्रम अल्जाईमर्श चेतना दिवस, ज्येष्ठ नागरिक प्रति हुने दुर्व्यवहर विरुद्धको दिवस, अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस, अन्तर्राष्ट्रिय महिला दिवस)।
- बालक्लव गठन, संचालन तथा नियमन।
- बालबालिका माथि हुने शारीरिक, मानसिक दण्ड सजाय तथा यौनजन्य दुर्व्यवहार न्यूनिकरण
- लैगिंक हिंसा निवारणमा न्यायिक समितिको क्षमता विकास,
- बालविवाह न्यूनिकरणका लागि सचेतीकरण
- नेतृत्व तथा संस्थागत विकास तालिम, समूह गठन र परिचालन, समूह सदस्यको अनुशिक्षण

समग्रमा लक्षित कार्यक्रमहरुलाई प्रभावकारी रुपमा संचालन गदै पछाडि परेका वर्ग, समुदाय, क्षेत्रलाई सशक्तिकरण गरी मुलप्रवाहीकरण गर्ने योजना र कार्यक्रमहरु गाउँपालिकाले अगाडी सारेको छ। त्यसैले उनीहरुलाई आत्मनिर्भर, स्वालम्बन, उद्यमशील र स्वरोजगार बनाई आत्मसम्मानका साथ जिवन निर्वाह गर्ने वातावरण सिर्जना गर्ने हाम्रो दायित्व रहने छ।

# स्वास्थ्य सेवा सुधारमा अग्रसर



**विष्णु देव खनाल**
स्वास्थ्य, संयोजक

रिब्दीकोट गाउँपालिका अन्तर्गत रहेको स्वास्थ्य तथा सरसफाई समन्वय शाखाले गाउँपालिकाको स्वास्थ्य संस्था, स्वास्थ्य निती र कार्यक्रमहरुमा सहजिकरण गरिरहेको छ। स्वास्थ्यसंगै सरसफाई सम्बन्धी कार्यक्रमहरु पनि यस शाखाको जिम्मेवारी हो। गाउँपालिकामा एक प्राथमिक स्वास्थ्य केन्द्र, ७ वटा स्वास्थ्य चौकी, रहेका छन् भने वडा नं. ६ को धुस्टुङ्ग, वडा नं. ७ मैनादीकुटीमा सामुदायिक स्वास्थ्य केन्द्र रहेका छन्।

प्राथमिक स्वास्थ्य केन्द्र गाउँपालिकाको रिफलर सेन्टर हो। दैनिक ओ.पि.डी.सेवा, सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रम (स्वास्थ्य बिमा) को उपचार, स्वास्थ्य बिमा अन्तर्गत फार्मेसी सेवा प्राथमिक स्वास्थ्य केन्द्रले दिने सेवा हुन। निकट भविश्यमा नै आधारभूत मापदण्ड पुरा गरी चौविसै घण्टा ईमरजेन्सी सेवा उपलब्ध गराउने योजना छ। कुसुमखोला र पालुङ्ग स्वास्थ्य चौकीमा (बर्थिङ्ग सेन्टर) प्रसुती सेवा संचालनमा छ। भैरवस्थान स्वास्थ्य चौकीमा नियमित अर्थात ४, ६, ८ र ९ महिना (प्रोटोकल) अनुसार गर्भपरिक्षण गराउन आउने महिलाहरुलाई प्रत्येक पटक आउर्दा १५ ओटा अण्डा दिने उपहार दिने कार्यक्रम गाउँपालिकाले राखेको छ। गर्भपरिक्षणमा आउने महिलाहरुलाई अण्डा उपहार दिने कार्यक्रम अन्य वडाबाट समेत शुरु गर्न रकम विनियोजन भएकाले चाँडै शुरु हुनेछ। यस आ.व. भित्र फेक स्वास्थ्य चौकीमा (बर्थिङ्ग सेन्टर) प्रसुती सेवा शुरु गर्न बजेट विनियोजन भएकाले आवश्यक तयारी भइरहेको छ।

स्वास्थ्य मानव जिवनसँग प्रत्यक्ष सरोकार र सम्बन्ध राख्ने विषय हो। स्वास्थ्य क्षेत्रको सुधारले आम जनसमुदाय र गरिब एवं बिपन्न परिवारहरुलाई स्वास्थ्य सेवा मुल प्रवाहमा ल्याउन सकिन्छ। त्यसैले गाउँपालिकाले चेतना अभिबृद्धिका गतिविधिहरु सञ्चालन गरेको छ।

गाउँपालिकाले असाहृय रोगको उपचार कार्यविधि बनाई लागु गरेको छ। आ.व.२०७/७५ मा १ सय ५० जना बिरामीहरुले कार्यविधि भित्र रहेर सेवा लिएका छन्। गर्भवति महिलाहरुले (बर्थिङ्ग सेन्टर) प्रसुती सेवा स्वास्थ्य संस्थाका लिए उनिहरुलाई प्रोत्सानको रुपमा रु. एक हजार ५ सय दिने व्यबस्था गरिएको छ। एक सय २० जना आमाहरुले प्रोत्साहन रकम पाएका छन् भने गर्भवति आमाहरुमा स्वास्थ्य संस्थामा नै सुत्केरी हुनु पर्छ भन्ने चेतनाको बिकास हुन थालेको छ। प्रोत्सान कार्यक्रमले घरमा सुन्य प्रसुति सेवा विस्तार गर्ने योजनालाई टेवा पुगेको छ। स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेको बस्तीमा समय समयमा स्वास्थ्य शिविर सञ्चालन, बिद्यार्थीहरुको पोषण अवस्था सुधार ल्याउन खाजा (टिफिन बक्स) कार्यक्रमहरु सञ्चालनमा रहेका छन्। विस्तारै स्वस्थ्य क्षेत्र सुधारमा सकारात्मक परिवर्तन आउने अवस्था सिर्जना गर्ने प्रयास भइरहेको छ। गाउँपालिकाले आगामी दिनमा स्वास्थ्य क्षेत्रको सुधारमा विभिन्न योजना राखेको छ।

- पेलाचौर क्षेत्रमा सामुदायिक स्वास्थ्य ईकाइ स्थापना गर्ने।
- गाउँपालिकाको सबै स्वास्थ्य संस्था र आयुर्वेद औषधालयमा कम्प्युटर प्रणालीको विकास गर्ने
- बर्थिङ्ग सेन्टर संचालन रहेमा फ्रिज वितरण गर्ने।
- प्राथमिक स्वास्थ्य केन्द्रमा एक्सरे सेवालाई नियमित गराउन तालिम र Incentive को व्यावस्था गर्ने जस्ता योजनाहरु रहेका छन्।

## गाउँसभाबाट पारित कानूनहरु:-

१. स्थानीय तहको आर्थिक ऐन, २०७४
२. स्थानीय तहको विनियोजन ऐन, २०७४
३. प्रशासकीय कार्यविधि (नियमित) गर्ने कार्यविधि ऐन ,२०७४
४. स्वास्थ्य सम्बन्धी व्यवस्था गर्न वनेको ऐन, २०७४
५. शिक्षा सम्बन्धी व्यवस्था गर्न वनेको ऐन, २०७४
६. सहकारी ऐन, २०७४
७. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५
८. न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७५

## गाउँपालिकाबाट पारित नियमावली र कार्यविधीहरु:

१. गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४
२. गाउँ कार्यपालिका (कार्यविभाजन) नियमावली, २०७४
३. गाउँ कार्यपालिकाको वैठक सञ्चालन सम्वन्धी कार्यविधि, २०७४
४. गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४
५. स्थानीय तहको योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४
६. गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७४
७. जटिल प्रकृतिका असाध्य रोग लागेमा गरिने आर्थिक सहयोग (पोषणयुक्त खाना तथा यातायात खर्च वापत) सम्बन्धी कार्यविधि, २०७४
८. आधारभूत शिक्षा परीक्षा (कक्षा ८) सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७४
९. स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४
१०. स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि २०७५
११. सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७५
१२. विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन कार्यविधि, २०७५
१३. मर्मत सम्भार सञ्चालन कार्यविधि, २०७५
१४. बजार अनुगमन निर्देशिका, २०७५
१५. गाउँपालिकामा कार्यरत स्थानीय तहका स्थायी कर्मचारीका लागि योगदानमा आधारित निर्वतभरण प्रणाली सम्बन्धी कार्यविधि, २०७५
१६. स्थानीय तहमा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५
१७. गाउँपालिका स्तरीय/वडास्तरीय तालिम, गोष्ठी, अभिमुखिकरण, अर्न्तक्रिया, कार्यशाला सञ्चालन खर्चको मापदण्ड सम्बन्धी कार्यविधि, २०७५
१८. अपाङ्गता परिचय पत्र वितरण सम्बन्धी कार्यविधि, २०७५

# आ.व. २०७५।०७६ वर्षका
# मुख्य मुख्य नीति तथा कार्यक्रमहरू

- "गुणस्तरीय आर्थिक, सामाजिक, पूर्वाधार विकासको माध्यमद्वारा समृद्ध रिब्दीकोट" भन्ने मुल नारा लाई सार्थक वनाउने अवधारणा अवलम्वन गर्ने।
- आगामी ५ वर्षभित्र सबै वडाको केन्द्रसम्म स्तरीय सडक र प्रत्येक वस्तीमा सडक पुऱ्याउने लक्ष्यलाई पुरा गर्न प्रत्येक वर्ष वजेट विनियोजन गरी कार्यान्वयन गर्ने।
- यस आ.ब.मा स्वरोजगार र उद्यमशीलता विकास हुने र कमजोर बर्गको सामाजिकिकरण र आय आर्जन हुने खालका कार्यक्रम कार्यान्वयन गर्ने।
- नेपाल सरकारले संचालन गरेका राष्ट्रिय अभियान र सामाजिक विकासका तपसिल वमोजिमका कार्यक्रमहरुलाई गाउँपालिकाले अभियानकै रुपमा संचालन गर्ने।
  - क) प्रकोपको न्यूनीकरण र हराभरा रिब्दीकोट बनाउने।
  - ख) प्लाष्टिकजन्य वस्तुहरुको न्यूनीकरण गर्ने।
  - घ) पूर्ण खोपयुक्त/पूर्ण सरसफाईयुक्त गाउँपालिका निरन्तरता कायम राख्ने।
  - ङ) आगामी ४ वर्ष भित्र धुँवामुक्त,पूर्ण सरसफाइयूक्त र बालमैत्री गाउँपालिका वनाउन सुचकका आधारमा कार्य गर्ने।
  - च) ८० वर्ष उमेर पुरा भएका अशक्त र वृद्धहरुको सामाजिक सुरक्षा भत्ता पायक पर्ने टोल/ठाउँमा गई वितरण गर्ने तथा शारीरिक रुपमा असक्त र कमजोरहरुलाई घरदैलोमा सेवा दिने। सकभर बैंकिङ प्रणालीबाट सामाजीक सुरक्षा वितरण गर्ने।
  - छ) प्रत्येक टोलमा चौमासिक रुपमा सरसफाई कार्यक्रम संचालन गर्ने।
- रिब्दीकोट गाउँपालिकाको समग्र विकासका लागि आवधिक योजना बनाउने।
- स्थानीय कर प्रणालीलाई वैज्ञानिक र समृद्ध वनाउन राजस्व परामर्श समितीको सिफारिसमा नयाँ स्थानीय कर नीति लागु गर्ने।
- योजना छनौट र कार्यान्वयन गर्दा वातावरण संरक्षण, लक्षित वर्ग लाभान्वित हुने, स्थानीय सीप र क्षमताको परिचालन हुने जनताको व्यापक सहभागीता हुने श्रममुलक कार्यक्रमलाई प्राथमिकता दिने
- योजना/आयोजनाहरुको प्राथमिकीकरण गर्दा सहभागितामूलक रुपमा वस्ती/टोलस्तरीय हुँदै वडास्तरवाट प्राथमिकीकरण भई आएका योजनाहरुको प्राथमिकीकरण गर्ने।
- व्यक्तीगत घटना दर्ता अभियान तथा राजस्व असुलीको कार्यलाई सरलीकृत गर्न वडास्तरमा घुम्ती सेवा संचालन गर्ने।
- भवन निर्माण मापदण्ड २०७२ र राष्ट्रिय भवन संहिता २०६० अनुसार भुकम्प प्रतिरोधात्मक घर तथा भवन निर्माण गर्न तालिम तथा घर नक्सापास प्रक्रियालाई अगाडि बढाउने।
- गाउँ शिक्षा योजना तयार गरी शिक्षा क्षेत्रलाई व्यवस्थित गर्ने। विद्यालयले कक्षा संचालन गर्ने अनुमति पाएको तर शिक्षक दरवन्दी पुरा नभई विद्यालय संचालनमा कठिनाई भएकोमा विशेष ध्यान पुराई मापदण्डमा आधारित सहयोग गर्ने।
- विकास निर्माण र प्रशासनिक कार्यमा दण्ड र पुरस्कार प्रणालीलाई अवलम्वन गर्ने।
- सार्वजनिक वित्त जोखिम न्यूनीकरणका लागि पेश्की वेरुजुलाई शुन्यमा झार्ने।
- गाउँको समग्र विकासको लागि आवधिक योजना बनाउने कार्यलाई अगाडि बढाउने ।
- नागरीक वडापत्र, उजुरीपेटिका, खर्चको सार्वजनिकीकरण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, कर्मचारीको क्षमता विकास गरी सुशासनको अवधारणलाई अगाडि बढाउने।
- रिब्दीकोट गाउँपालिकालाई आत्मनिर्भर बनाउन आधुनिक कृषि प्रणालीको शुरुआत गर्ने तथा स्थानीय स्तरमा बाँझो जग्गाहरुलाई खेती गर्न प्रोत्साहित गर्ने।

- जेष्ठ नागरीक तथा असक्त अपांगता भएका व्यक्तीहरुलाई सम्मान गर्ने ।
- जलवायु परिवर्तनका असरहरुलाई न्यूनीकरण गर्न वातावरण संरक्षण कार्यक्रम अन्तरगत पानीका मुहानहरु संरक्षण गर्ने तथा पुराना कच्ची पोखरीहरुको मर्मत तथा नयाँ-नयाँ ठाउँमा ठूल्ठूला पोखरीहरु निर्माण गर्ने ।
- स्थानीय भाषा, लोक संस्कृतीको संरक्षण र प्रवर्द्धन गर्ने ।
- विपद व्यवस्थापनका लागि विपद व्यवस्थापन योजना र समुदायको सशक्तिकरण गर्ने ।
- उपभोक्ता समितीको कार्यक्षमता बढाउने विभिन्न तालिम र अभिमुखीकरणद्वारा निर्माण कार्यमा उपभोक्ता समितीलाई जिम्मेवार बनाउने ।
- वैदेशिक रोजगारीमा जाने युवा युवतीलाई निरुत्साहित गर्न स्वदेशमै व्यवसायिक योजना तथा तालिम प्रदान गर्ने । सो को लागि नवप्रवर्तन र उत्पादनमा आधारित अनुदान प्रणाली अवलम्बन गर्ने ।
- स्वास्थ्यका लागि खेलकुद कार्यक्रम अन्तरगत खेलकुद विकास गर्ने ,गाउँपालिका स्तरीय खेलकुद मैदान निर्माण गर्ने ।
- जथाभावी रुपमा सडकको ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गर्न सडक यातायात गुरुयोजना तयार गर्ने ।
- ग्रामिणस्तरमा रहेका सडकहरुको मर्मत, सम्भार तथा स्तरोन्नती गर्ने ।
- कार्यालयको काम कारवाहीमा छिटोछरीतो सेवा प्रदान गर्न कर्मचारीहरुको क्षमता विकासका लागि तालिमको व्यवस्था गर्ने ।
- एक गाउँ एक कृषि कार्यक्रम सफल वनाउन प्रत्येक वस्तीमा कृषक-प्राविधिक भेटघाट कार्यक्रम संचालन गर्ने ।
- कृषिलाई नयाँ प्रविधियुक्त वनाई उत्पादनमा वृद्धि गर्न कृषकलाई कृषि यन्त्र वितरणमा अनुदान र सीपमुलक तालिम प्रदान गर्ने । साथै कृषि उपजहरुको वजारीकरण र व्यवसायीकरण गर्ने ।
- उत्पादनमा आधारित अनुदान प्रणालीलाई संस्थागत गर्न मापदण्ड र मानक विकास गर्ने ।



स्वास्थ्य शिविरको झलक

# आ.व. २०७४।०७५ मा
# सम्पादन गरिएका प्रमुख कार्यहरू

- आ.व. २०७४।०७५ मा चालु खर्च तर्फ ८४.०१ प्रतिशत, पूजिगत तर्फ ८९.५३ प्रतिशत र सशर्त तर्फ ९९.४१ प्रतिशत , समग्रमा ९३.३६ प्रतिशत प्रगति भएको ।
- विद्युत प्राधिकरण पाल्पा शाखा संग सम्झौता गरी ४८० थान पोल खरिद भै सम्बन्धित वडाहरुमा पुगेको ।
- वडा नं. ८ को जोगेथान र वडा नं. १ को जोगीथुमलाई सडक सञ्जालमा जोड्ने कार्य भएको
- आरन सुधार अनुदान हालसम्म २७ जनाले प्राप्त गरेका ।
- ४२ थान हाते ट्र्याक्टर ५०% अनुदानमा वितरण गरिएको ।
- सुत्केरी स्याहार सुविधा अन्तर्गत १५ सयका दरले १०५ जनाले प्राप्त गरेका ।
- कार्यविधिको आधारमा असाध्य रोग सहायता १५१ जनाले प्राप्त गरेका ।
- विपद् जोखिम न्यूनीकरण सम्बन्धी ऐन र कार्यविधि निर्माण गरी गाउँपालिका स्तरिय विपद् व्यवस्थापन समिति गठन भै विपद् सहयोगको मापदण्ड निर्माण गरिएको ।
- गणतन्त्र दिवसको अवसर पारेर ३ वटा ऐन र २ वटा कार्यविधि सहित स्थानिय राजपत्र प्रकाशन गरिएको । राजपत्र दोस्रो खण्ड प्रकाशन हुने क्रममा रहेको ।
- वडा नं. ५, ३, २, १ मा सेतो घर कार्यक्रम सम्पन्न भएको ।
- पूर्ण सरसफाई अभियानऽबककक्षखभ रुपमा सञ्चालन गरिएको ।
- बैज्ञानिक कर प्रणालीको रुपमा रहेको सम्पत्ति कर सम्बन्धी अभियान सञ्चालन गरी डाटा संकलन ,प्रविष्टी गर्ने तथा कयातधबचभ जडान कार्य पनि पुरा भएको ।
- वडा तथा पालिका भवनहरुको मर्मत र निर्माण कार्य सम्पन्न भएको ।
- जोगिथुमको कालिका आधारभुत विद्यालयमा दिवा खाजा कार्यक्रम आर्थिक वर्षको जेष्ठ १ गतेदेखि सञ्चालनमा रहेको ।
- पोषण सुधारका लागि अनुशिक्षण/वालवालिका-शिक्षकलाई पेलाचौर क्षेत्रमा टिफिन बक्स वितरण, हेलेन स्विट पोटेटोको विरुवा वितरण गरिएको ।
- गाउँपालिकाका लागि आवश्यक पर्ने जग्गा निःशुल्क रुपमा प्राप्त गर्ने प्रक्रिया शुरु गरिएको ।
- केही वडाहरुमा गरिवहरुका लागि लक्षित कार्यक्रमबाट स्वास्थ्य विमा, सेतोघर कार्यक्रमका लागि सहयोग, समन्वय र सहजीकरण गरिएको ।
- लक्षित कार्यक्रमहरुलाई उद्देश्यमूलक बनाउन नीतिगत, व्यवस्थापकीय प्रबन्ध मिलाइएको ।
- एकल महिला तथा उद्यमशिल महिलाहरुलाई समुहिकृत गर्ने प्रयत्न गरिएको ।
- कर सहभागिता अभिबृद्धिका लागि टोल, बस्तीसम्म नै अभियान सञ्चालन गरिएको ।
